# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक १७३ | काठमाडौं | शुक्रबार, २६ असोज २०८० | Prabhab National Daily | Friday, October 13, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्न हुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


# पटकपटकको प्रयोग देशले धान्न सक्दैन : राष्ट्रपति पौडेल

- यो देशमा ठुलो बलिदान भएको छ लोकतान्त्रिक गणतन्त्रका लागि । तर चारैतिरबाट कमजोर पार्ने कोशिश भइरहेको छ
- नेपाल अब पछाडि फर्कन सक्दैन । पटकपटक प्रयोग हुन सक्दैन । पटकपटकको प्रयोग धान्न सक्दैन
- अरूले गरेको गल्तीमा पनि म माथि दोष लगाउन खोजिएको छ



**काठमाडौं–** राष्ट्रपति रामचन्द्र पौडेलले देशको पछिल्लो गतिविधिप्रति असन्तोष प्रकट गरेका छन् । जनताको आन्दोलनबाट प्राप्त लोकतान्त्रिक गणतन्त्रलाई चारैतिरबाट प्रहार गर्न खोजेकोप्रति पौडेलले असन्तोष प्रकट गरेका हुन् ।

'यो देशमा ठुलो बलिदान भएको छ लोकतान्त्रिक गणतन्त्रका लागि । तर चारैतिरबाट कमजोर पार्ने कोशिश भइरहेको छ,' राष्ट्रपति पौडेलले भने । नेपाल प्रेस युनियनका प्रतिनिधिसँग बिहीबार दिउँसो भेटका क्रममा राष्ट्रपति पौडेलले प्रदेशमा भइरहेको राजनीतिक घटनाक्रमबारे आफूले सुक्ष्म रूपले हेरिरहेको बताए । कोशी प्रदेशमा संघीयता नै असफल पार्ने गरी भइरहेको खेलतिर लक्षित गर्दै उनले नेपालले पटकपटकको प्रयोग धान्न नसक्नेसमेत बताए । 'नेपाल अब पछाडि फर्कन सक्दैन  पटकपटक प्रयोग हुन सक्दैन । पटकपटकको प्रयोग धान्न सक्दैन,' राष्ट्रपति पौडेलले भने ।

यसका लागि राजनीतिक दल, नागरिक समाज र सञ्चार माध्यम गम्भीर भएर लाग्नुपर्ने सुझावसमेत पौडेलले दिए । कोशीमा ९ महिनाको अवधिमा ५ पटक सरकार परिवर्तन भइसकेको छ । राजनीतिक दलहरूको खिचातानी र नियमकानुनका कारण प्रदेश व्यवस्था खारेज गर्नुपर्ने माग उठिरहेको बेला नेताहरूले यसबारे विशेष ध्यान दिनुपर्ने पौडेलको राय थियो ।

उनले आफूलाई संविधान दिवसको दिन दिइएको आममाफीको विषयमा मुछ्न खोजेको भन्दै असन्तुष्टिसमेत जनाए । राष्ट्रपति शितलनिवासमा भएको भेटका क्रममा पौडेलले अरुले गरेको गल्तीमा पनि आफूलाई दोष लगाउन खोजिरहेको तर्क गरेका हुन् ।

'अरुले गरेको गल्तीमा पनि म माथि दोष लगाउन खोजिएको छ,' राष्ट्रपति पौडेलले भने । योगराज ढकाल 'रिगल'लाई आममाफी दिएको भन्दै आलोचना राष्ट्रपतिको आलोचना भइरहेको छ । यो संवैधानिक विषय भएको र गृहमन्त्रालय हुँदै सरकारबाट आएको सिफारिसमा आफ्नो कुनै हात नरहेको दाबी गरे । सादगी राष्ट्रपतिको रूपमा हेरिएका उनले सवारीमा तामझाम गर्न छाडेपछि प्रशंसा बटुलेका थिए । यद्यपि भारतमा भएको महँगो उपचार र पछिल्लो आममाफीमा भने पौडेल आलोचित बनेका छन् ।

शितलनिवास पुगेपछि सवारीमा 'कारगेट' प्रयोग गर्न छाडेसँगै पौडेललाई धेरैले जनताका राष्ट्रपतिका रूपमा हेरिएको थियो । यद्यपि आफू सक्दो गल्ती नगर्ने प्रयासमा रहेकोसमेत उनले बताए । 'म गल्ती नगर्ने कोशिश गरिरहेको छु,' उनले भने । भेटमा युनियनका अध्यक्ष शिव लम्सालले आम सञ्चार र मिडियासम्बन्धी ऐन, कानुन, नीति र विधेयक निर्माणमा राष्ट्रपतिबाट अभिभावकीय भूमिका निर्वाह गर्न आग्रह गरेका थिए ।

कोशीमा नयाँ गठबन्धन

# ओलीको खेलमा शेखरको काँध !

■ जेबी योञ्जन

- कोशीको मुख्यमन्त्रीमा इन्द्रबहादुर आङ्बो र केदार कार्कीको दाबी पेस
- गठबन्धनको साझा उम्मेदवार आङ्बो हुँदा कार्कीलाई कांग्रेसका आठ र एमालेका ३९ सांसदको साथ
- ४७ जना सांसदको समर्थन रहेको दुवैको दाबी
- सांसदहरु रामकुमार खत्री, लिलाकुमारी राई, शमशेर राई, गोविन्द गिरी, इन्दिरा थापा, मानबहादुर लिम्बू र सुनिता गुरूङको हस्ताक्षर दोहोरो






**काठमाडौं–** आम निर्वाचन भएको १० महिना हुँदा देशको पूर्वी क्षेत्रको प्रदेश कोशीमा पाँचौंपटक आज सरकार गठन हुँदैछ । संविधानको धारा १६८ को उपधारा (५) अनुसार सरकार गठन हुन लागेको हो । प्रदेश प्रमुख परशुराम खापुङसमक्ष सरकार गठनका लागि मुख्यमन्त्रीमा गठबन्धनका साझा उम्मेदवार इन्द्रबहादुर आङ्बो र एमालेको समर्थनमा गठबन्धनकै एउटा दल कांग्रेसका सांसद केदार कार्कीले बिहीबार नै दाबी पेस गरेका छन् । तर, केही सांसदको हस्ताक्षर भने दुवै दाबेदारले प्रयोग गरेका छन् ।

उदयपुरका रामकुमार खत्री, लिलाकुमारी राई, इलामका शमशेर राई र गोविन्द गिरी, झापाकी इन्दिरा थापा, मोरङका मानबहादुर लिम्बू र सुनसरीका सुनिता गुरुङको हस्ताक्षर दुवैले प्रयोग गरेका हुन् । यसले गर्दा प्रदेश प्रमुख खापुङ कसको नाममा बहुमत छ ? भन्नेमा अनिर्णित छन् । उनले मुख्यमन्त्री नियुक्तिबारे निर्णय लिने समय लिएका छन् । प्रदेश प्रमुखको कार्यालयका प्रवक्ता नरेन्द्र श्रेष्ठका अनुसार आजमात्रै मुख्यमन्त्री नियुक्त हुनेछ ।

'बहुमत सांसदको समर्थन रहेको भनेर मुख्यमन्त्री नियुक्त गरिपाउँ भनेर पेस गरिएको दाबीमा केही सांसदको हस्ताक्षर दोहोरो छ । यसबारे परीक्षण आवश्यक छ', उनले प्रभावसँग भने, 'यसपछि मात्रै मुख्यमन्त्री नियुक्त गरिने छ ।'

आङ्बोले ४७ जना सांसदको समर्थन रहेको भन्दै प्रदेश प्रमुख खापुङसमक्ष मुख्यमन्त्रीमा दाबी पेस गरेका छन् । जहाँ उनले कांग्रेस सांसदहरूले यसअघि गरेका हस्ताक्षरलाई प्रयोग गरेर आफ्नो पक्षमा बहुमत रहेको दाबी गरेका छन् । तर, उनीभन्दा पछि प्रदेश प्रमुखको कार्यालय पुगेका डा. शेखर कोइराला (संस्थापनइतर) पक्षका सांसद केदार कार्कीले पनि आठ जना कांग्रेस सांसद र एमालेका ३९ जना सांसदको समर्थन रहेको भन्दै उनीहरूको हस्ताक्षरसहित मुख्यमन्त्रीमा दाबी पेस गरेका हुन् । मुख्यमन्त्रीका दुई दाबेदारमध्ये कसको पक्षमा बहुमत छ ? निक्र्योल गरेर प्रदेश प्रमुख खापुङले मुख्यमन्त्री नियुक्त गर्नेछन् ।

तर, संवैधानिक प्रावधान र सर्वोच्च अदालतको नजीरका आधारमा भने मुख्यमन्त्रीमा कार्कीको दाबी बलियो देखिएको छ । संविधानको धारा १६८ (५) बमोजिम कार्कीले प्रदेशसभाको बहुमत जुटाएकाले उनको दाबी बलियो देखिएको हो । ९३ सदस्यीय प्रदेशसभामा सरकार गठन गर्न ४७ सांसदको समर्थन आवश्यक पर्छ । जुन आवश्यक संख्या कार्कीले जुटाएका छन् ।

माओवादी संसदीय दलका नेता आङ्बोले पनि कांग्रेसका २९, माओवादीका १३, एकीकृत समाजवादीका ४ र जनता समाजवादी पार्टी (जसपा)का एक गरी ४७ जनाको समर्थन रहेको दाबी गरेका छन् । तर, कांग्रेसका ८ जना सांसदको समर्थन कार्कीलाई छ । उनीहरूले आफूहरूको हस्ताक्षर दुरूपयोग भएको भन्दै बिहीबार नै प्रदेश प्रमुखको कार्यालयमा निवेदन पनि दिएका छन् ।

तर, आङ्बोले गठबन्धनको शीर्ष नेतृत्वमा जुटेको सहमति अनुसार मुख्यमन्त्रीमा दाबी पेस गरेका हुन् । उनले भनेका छन्, 'मैले गठबन्धनको संस्थागत निर्णयसहित दाबी पेस गरेको हुँ । तर, राजनीतिक हिसाबले असमझदारी देखियो, अब कांग्रेस नेतृत्वले आवश्यक निर्णय गर्ला ।'

(बाँकी पृष्ठ ३ मा)

## तटस्थ राप्रपा

६ जना सांसद भएको दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) तटस्थ रहेको छ । गठबन्धनका साझा उम्मेदवार आङ्बो र एमालेको समर्थनप्राप्त गठबन्धनमै रहेको दल कांग्रेसका कार्कीलाई मुख्यमन्त्रीमा राप्रपाको समर्थन रहेन ।

महामन्त्री राजेन्द्र गुरुङका अनुसार कोशीमा अब कसरी अघि बढ्ने भन्नेबारे निर्णय लिन पदाधिकारी बैठक आज बिहान ८ बजे बस्दैछ । 'हामी (राप्रपा)लाई समर्थनका लागि औपचारिक प्रस्ताव कोहीबाट आएन', महामन्त्री गुरुङले भने, 'नआए पनि कोशीमा हाम्रो भूमिका के हुने भन्ने? निक्र्यौल गर्न पदाधिकारी बैठक बस्दैछौं ।'

यसअघि राप्रपाले नेकपा एमालेसँग सत्ता सहकार्य गरेको थियो । तर, अघिल्लो महिना सर्वोच्चको परमादेशअनुसार फेरि मुख्यमन्त्रीमा हिक्मत कार्की नियुक्त भएपछि भने राप्रपाले विश्वासको मत दिएन । त्यसपछि एमालेसँगको सत्ता सहकार्य टुट्यो । तर, यसपटक चाहिँ राप्रपाले गठबन्धनका साझा उम्मेदवार आङ्बोलाई समर्थन गर्न सक्ने ठानिएको थियो ।

किनभने प्रधानमन्त्री पुष्पकमल दाहालले आफ्नो दल नेकपा माओवादी केन्द्रको भागमा परेको संसदीय समिति पूर्वाधार विकास समितिको सभापति राप्रपालाई दिएका थिए । त्यसबेला समिति सभापति राप्रपालाई दिनुलाई कोशीमा आङ्बोको नेतृत्वमा सरकार गठन गर्दा राप्रपाबाट समर्थन प्राप्त हुने अर्थमा विश्लेषण गरिएको थियो ।

सन्दर्भ : वैदेशिक रोजगार

# बाउन्न प्रतिशतले बढ्यो बीमालेख बिक्री

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगारीमा जाने नेपालीलाई अनिवार्य बीमा गर्नुपर्ने व्यवस्थाका कारण बीमा क्षेत्रमा बीमालेख बिक्री बढेको देखिएको छ । वैदेशिक रोजगारीमा जाने नेपालीहरूको संख्या बढेसँगै बीमालेख बिक्री बढेको बीमा प्राधिकरणले जनाएको छ ।

प्राधिकरणले सार्वजनिक गरेको तथ्यांकअनुसार हाल सञ्चालनमा रहेका जीवन बीमा कम्पनीहरूले वैदेशिक रोजगार बीमालेख बिक्रीमार्फत भदौ मसान्तसम्ममा कुल ४४ करोड ८२ लाख रूपैयाँ आर्जन गरेका छन् । यो वैदेशिक रोजगार बीमालेख गत आवको सोही अवधिको तुलनामा ५१.८४ प्रतिशतले बढेको प्राधिकरणले जनायो । भदौ महिनासम्मको वित्तिय विवरणअनुसार बीमा कम्पनीहरूले १७ लाख चार हजार ७३ वटा वैदेशिक रोजगार बीमालेख बिक्री गरेको देखिएको छ । यस्तो बीमालेख गत आवको भदौसम्ममा ११ लाख २२ हजार २९५ वटा बिक्री भएको थियो ।

प्राधिकरणको विवरणअनुसार बीमालेख बिक्रीवापत भदौ महिनासम्ममा सबैभन्दा बढी सन नेपाल लाइफले बीमा शुल्क आर्जन गरेको छ । यस कम्पनीले सात लाख ४५ हजार १८९ वटा बीमालेख बिक्री गरी कुल १० करोड ५० लाख रूपैयाँ बीमा शुल्क आर्जन गरेको देखिएको छ । त्यस्तै दोस्रो स्थानमा रहेको नेपाल लाइफले भदौ महिनासम्ममा दुई लाख ५८ हजार ७६५ वटा बीमालेख बिक्री गरी कुल नौ करोड ५९ लाख रूपैयाँ बीमा शुल्क आर्जन गरेको छ ।

यसैगरी तेस्रो स्थानमा रहेको आइएमई लाइफले एक लाख २४ हजार ८४४ वटा वैदेशिक रोजगार बीमालेख बिक्री गरी ६ करोड १२ लाख रूपैयाँ बीमा शुल्क आर्जन गरेको छ । प्रकाशित वित्तिय विवरणले देखाएको छ । चौथो स्थानको नेसनल लाइफले ४१ हजार ५५६ वटा बीमालेख बिक्रीबाट ३ करोड ५२ लाख रूपैयाँ बीमा शुल्क आर्जन गरेको छ भने पाँचै स्थानमा रहेको एसियन लाइफले दुई करोड ७० लाख रूपैयाँ आर्जन गरेको छ।

यसैगरी सूर्यज्योति लाइफले तीन करोड ७२ लाख, रिलायबल नेपाल लाइफले तीन करोड ४२ लाख, सानिमा रिलायन्स लाइफले दुई करोड ९१ हजार, सिटिजन लाइफले दुई करोड २४ लाख र प्रभु महालक्ष्मी लाइफले सात लाख रूपैयाँ बीमा शुल्क आर्जन गरेका छन् । वैदेशिक रोजगारमा जाने व्यक्तिहरूलाई अधिकतम ६ वर्षसम्मको म्यादी बीमालेख बिक्री गर्ने व्यवस्था छ । यद्यपि अधिकांश बीमकले श्रम सम्झौताअनुसार तोकिएको करार अवधिसम्म मात्रै बीमा गर्ने गरेको बताइएको छ । प्रधिकरणका अनुसार १० वटा जीवन बीमा कम्पनीले मात्रै वैदेशिक रोजगार म्यादी जीवन बीमालेख बिक्री गर्दै आइरहेका छन् ।

**बीमालेख बिक्रीमार्फत भदौ मसान्तसम्ममा कुल ४४ करोड ८२ लाख रूपैयाँ आर्जन गरेका छन् । यो वैदेशिक रोजगार बीमालेख गत आवको सोही अवधिको तुलनामा ५१.८४ प्रतिशतले बढेको प्राधिकरणले जनायो । भदौ महिनासम्मको वित्तिय विवरणअनुसार बीमा कम्पनीहरूले १७ लाख चार हजार ७३ वटा वैदेशिक रोजगार बीमालेख बिक्री गरेको देखिएको छ ।**

### खाडी मुलुकमा काम गर्ने नेपालीको मिर्गौलामा समस्या

जनकपुरधाम- धनुषाका दुई स्थानीय तहमा गरिएको एक अध्ययनले मलेसिया र खाडी मुलुकमा कार्यरत नेपालीमा मिर्गौलाको समस्या बढी हुनसक्ने देखाएको छ । बेलायतस्थित बर्नमथ विश्वविद्यालयको नेतृत्वमा धनुषा जिल्लाको लक्ष्मीनिया गाउँपालिका र छिरेश्वरनाथ नगरपालिकामा गरिएको एक अध्ययनले नेपालमै बसोबास गर्नेभन्दा खाडी मुलुक र मलेसियामा काम गरेर फर्किएका आप्रवासी नेपालीमा मिर्गौला समस्या बढी हुनसक्ने देखाएको हो ।

अध्ययनका क्रममा दुई वर्ष खाडीका छ मुलुक (कतार, साउदी अरब, कुवेत, ओमान, युएई, बहराइन) र मलेसियामा काम गरी फर्किएका तर नेपाल फर्किएको एक वर्ष पूरा नगरेका आप्रवासी र नेपालमै रहेका नागरिकबीच तुलना गरिएकामा त्यस्तो देखिएको अनुसन्धानकर्ता टोलीमा सहभागी डा निर्मल अर्यालले जानकारी दिए ।

उनका अनुसार वैदेशिक रोजगारीबाट फर्किएका सात सय १८ जना (सबै पुरुष) र नेपालमै रहेका सात सय २० जना (३७० पुरुष र ३४१ महिला) स्थानीयबीच तुलना गरिएको थियो । मिर्गौलाको अवस्था जनाउने सबैभन्दा महत्वपूर्ण परीक्षण मानिने 'ग्लोमेरुलर फिल्ट्रेसन रेट'को क्षमता जाँच गरिएकामा आप्रवासीमा ५ दशमलव ८ प्रतिशत र गैरआप्रवासीमा ३ दशमलव ६ प्रतिशत कमी देखिएको डा. अर्यालले जानकारी दिए ।

'गैरअप्रवासीमा पनि कहिल्यै विदेश नगएका पुरुष र महिलाभन्दा पूर्वआप्रवासीमा बढी समस्या देखिएको छ। त्यसैगरी रगतमा क्रियटिनिनको औसत पनि गैरआप्रवासीभन्दा आपवासीमा बढी देखिएको छ । उक्त परीक्षणले रगतमा क्रियटिनिन भन्ने तत्वको मात्रालाई हेरी मिर्गौलाले एक मिनेटमा कति मात्रामा रगत छान्दछ भन्ने निक्यौल गर्दछ र घट्दो दरले मिर्गौलाको कार्य क्षमतामा कमी आएको मानिन्छ । यसले पनि आप्रवासीहरूमा बढ्दो मिर्गौला समस्याको संकेत गर्दछ,' डा अर्यालले भने ।

यस्तै मिर्गौला रोगको अर्को परीक्षण पिसाबमा प्रोटिनको मात्रा भने आप्रवासीभन्दा गैरआप्रवासीमा बढी देखिएको छ । खासगरी गैरआप्रवासी महिलामा यो समस्या बढी देखिएकाले यसको कारकतत्व खोज्न छुट्टै अध्ययन गर्नुपर्ने अध्ययनको निष्कर्ष छ ।

(बाँकी पृष्ठ २ मा)




# पत्रकार बोहोरा सम्मानित



**काठमाडौं–** पत्रकार रमेशकुमार बोहोरा सम्मानित भएका छन् । मिलाप मासिकद्वारा आयोजित विशेष समारोहमा पूर्वउपराष्ट्रपति परमानन्द झाले उनलाई सम्मान गरेका हुन् । नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका कार्यसमिति सदस्य बोहोरालाई 'मिलाप राष्ट्रिय व्यक्तित्व सम्मान २०८०' बाट सम्मान गरिएको हो । बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादकसमेत हुन् ।

बोहोराले पत्रकारिताको माध्यमबाट समाजमा पुऱ्याएको योगदानको कदर गर्दै सम्मान गरिएको मिलाप मासिककी कार्यकारी सम्पादक तथा मिलाप फाउन्डेसनकी अध्यक्ष गिता अधिकारीले जानकारी दिइन् । पत्रकार बोहोरा बिगत १६ वर्षदेखि निरन्तर पत्रकारितामा सक्रिय छन् ।

काठमाडौं शाखाको साना लगानी तथा स्वरोजगारमूलक मिडिया समन्वय विभाग संयोजकसमेत रहेर काम गर्दै आएका बोहोरालाई मिलाप मासिकका सम्पादक कृष्ण भुसालले दोसल्ला ओढाएर सम्मान गरेका थिए । कार्यक्रममा आफ्नो क्षेत्रबाट समाजलाई उल्लेखनीय योगदान पुऱ्याएका अन्य व्यक्तिलाई पनि सम्मान गरिएको थियो ।

# ३८ हजार ५९ जना डेंगीबाट संक्रमित

**काठमाडौं–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सन् २०२३ को सेप्टेम्बरसम्म डेंगीबाट संक्रमित हुनेको संख्या ३८ हजार ५९ जना पुगेको जनाएको छ । मन्त्रालय अन्तर्गतको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले सार्वजनिक गरेको तथ्यांकअनुसार हालसम्म ७६ जिल्लाका ३८ हजार ५९ जना डेंगीबाट संक्रमित रहेको र २० जनाले ज्यान गुमाएका छन् ।

महाशाखाका निर्देशक डा. रुद्र मरासिनीले डेंगीको संक्रमण कायमै रहेको र जतिबेला पनि महामारी फैलनसक्ने भन्दै सचेत रहन आग्रह गरेका छन् । हालसम्म कूल संक्रमित संख्यामा प्रदेशअनुसार सबैभन्दा धेरै कोशी प्रदेशमा २३ हजार ९०५ जना (६२.८ प्रतिशत) संक्रमित भएका छन् भने सबैभन्दा कम संक्रमित प्रदेश कर्णाली १२८ जना (०.३ प्रतिशत) छन् । त्यस्तै मधेस प्रदेशमा ५९० जना (१.६ प्रतिशत), बागमती प्रदेशमा चार हजार ८८३ जना (१२.८ प्रतिशत), गण्डकी प्रदेशमा छ हजार ८१८ जना (१७.९ प्रतिशत), लुम्बिनी प्रदेशमा ६५५ जना (१.७ प्रतिशत) र सुदूरपश्चिम प्रदेशमा एक हजार ८० जना (२.८ प्रतिशत) संक्रमण देखिएको छ ।

जिल्लागत हिसाबले सबैभन्दा धेरै क्रमशः सुनसरी जिल्लामा १६ हजार ९६ जना (४२.३ प्रतिशत) संक्रमित भएका छन् । तनहुँमा चार हजार ६५१ जना (१२.२ प्रतिशत), झापामा तीन हजार ५८१ जना (९.४ प्रतिशत), धादिङमा तीन हजार १३० जना (८.२ प्रतिशत), मोरङमा दुई हजार २७४ जना (६ प्रतिशत), कास्की जिल्लामा एक हजार ४८१ जना (३.९ प्रतिशत) र काठमाडौंमा ८०२ जना (२.१ प्रतिशत) संक्रमित भएका छन् भने अन्य जिल्लामा छ हजार ४४ जना (१५.९ प्रतिशत) डेंगीबाट संक्रमित भएका छन् ।

कूल डेंगी संक्रमित संख्यामा अगस्टमा मात्र संक्रमित संख्या १३ हजार ८४६ जना पुगेको थियो । सेप्टेम्बरमा ११ हजार ५८० जना र अक्टोबर ११ सम्म चार हजार ७९० जना संक्रमित भएका छन् ।


## कमलामाई नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
सिन्धुलीमाडी, सिन्धुली
बागमती प्रदेश, नेपाल

### बोलपत्र स्वीकृति सम्बन्धी आशयको सूचना
**(सूचना प्रकाशित मिति : २०८०/०६/२६)**

यस कार्यालयबाट मिति 29 August 2023 (मिति १२ भाद्र २०८०) मा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार देहाय बमोजिमको कार्यको लागी देहाय बमोजिमको बोलपत्रदाताको उल्लेखित कबोल अंक सबैभन्दा कम रहेको र निजको बोलपत्र सारभुत रुपमा सफल देखिन आएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागी यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि. नं. | बोलपत्र नं. | योजनाको नाम | बोलपत्रदाताको नाम, ठेगाना | कबोल अंक (मू.अ. कर बाहेक) रु. |
|---|---|---|---|---|
| १ | KMU/SIN/Work/NCB/ 02/080/081 | Nibuwatar-Mainroad-Dame Road Upgrading Work, Kamalamai Municipality-2, Sindhuli | Bhumika and Sambhab Nirman Sewa Pvt. Ltd., Kamalamai Mun.-2, Sindhuli | 2,830,828.35 |
| २ | KMU/SIN/Work/NCB/ 03/080/081 | Silame-Beltar Road Upgrading Work (Beltar Section), Kamalamai Municipality-1 & 5, Sindhuli | Patandevi Nirman Sewa, Tinpatan Rural Mun.-2, Sindhuli | 2,627,512.20 |
| ३ | KMU/SIN/Work/NCB/ 04/080/081 | Puranochauki-Aage Road Upgrading Work (From Ma. Bi. Chwok), Kamalamai Municipality-3, Sindhuli | Jagatmaiya Nirman Sewa, Kamalamai Mun.-6, Sindhuli | 3,089,449.60 |
| ४ | KMU/SIN/Work/NCB/ 05/080/081 | Ratamata Planning-Rameshwordham-Inarpokari-Dhansare-Mulbato-Mulbato-Belbot-Panitanki (Dhansare Section) Road Upgrading Work, Kamalamai Municipality-6, Sindhuli | S.G. Construction Pvt. Ltd., Dudhauli Mun.-7, Sindhuli | 2,685,267.20 |
| ५ | KMU/SIN/Work/NCB/ 06/080/081 | Eakpakhe-Chhatiwan-Sikre-Tinpatan R.M. Road Upgrading Work (Ekpakhe Section Black Topped), Kamalamai Municipality-7, 11 & 12, Sindhuli | Gaurimai Construction Pvt. Ltd, Kathmandu Metro.-10, Kathmandu | 1,09,38,416.90 |
| ६ | KMU/SIN/Work/NCB/ 07/080/081 | Bhalukhola-Pratapebhanjyang-Phaltungdanda-Swanra-Bhotechhap-Thulagaun Road Upgrading Work, Kamalamai Municipality-3, Sindhuli | Jagatmaiya Nirman Sewa, Kamalamai Mun.-6, Sindhuli | 6,812,595.60 |
| ७ | KMU/SIN/Work/NCB/ 08/080/081 | Maisthan Ishworpur Road Upgrading Work (Maisthan Section Black Topped), Kamalamai Municipality-8, Sindhuli | C.S. Construction & Concrete Products Pvt. Ltd., Kamalamai Mun.-8, Sindhuli | 9,880,530.40 |
| ८ | KMU/SIN/Work/NCB/ 09/080/081 | Infrastructure Development Work, Sindhuli Multiple Campus, Kamalamai Municipality-4, Dhunggrebas, Sindhuli | Bir Bir Ganesh Construction Pvt. Ltd., Kamalamai Mun.-6, Sindhuli | 4,345,262.80 |

**प्रमुख प्रशासकीय अधिकृत**


## बाउन्न प्रतिशतले...
पृष्ठ १ बाट जारी

त्यसैगरी अध्ययनले खाडी मुलुक र मलेसियाबाट फर्किएका नेपाली आप्रवासीमा स्थानीय गैरअप्रवासीको तुलनामा उच्चरक्तचाप (आप्रवासी ३८ प्रतिशत, गैरआप्रवासी १९ दशमलव ४ प्रतिशत), मधुमेह (आप्रवासी ७४ प्रतिशत, गैरआप्रवासी ४ दशमलव ७ प्रतिशत) र बढी तौल वा मोटोपन (आप्रवासी ६७४ प्रतिशत, गैरआप्रवासी ४९ प्रतिशत) को जोखिम निकै बढी रहेको देखिएको छ ।

डा अर्यालका अनुसार मिर्गौलाको रोगको जोखिम उच्च भएकामा सबैभन्दा धेरै लामो समयसम्म एकै स्थानमा काम गरेका कामदार, सुरक्षा गार्ड र सवारी चालक, प्रत्यक्ष घाममा, आउटडोर, धुलो-धुवाँमा काम गर्ने कामदारमा समेत यो समस्या धेरै पाइएको छ । यस अध्ययनका सिलसिलामा रगत र पिसाबको नमूना लिइएको र त्यसपछि प्रश्नावली सोधिएको थियो । अनुसन्धान टोलीका अर्का सदस्य एवं मधेस प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरका प्रमुख डा. श्रवणकुमार मिश्रका अनुसार अध्ययनमा सहभागी करिब ९० प्रतिशत कतार, साउदी अरब र मलेसियामा कार्यरत थिए भने दुई तिहाइभन्दा बढी निर्माण र उद्योग क्षेत्रमा कार्यरत थिए ।

त्यसैगरी सहभागी आप्रवासीले औसतमा दैनिक १० दशमलव ७ घण्टा काम गर्ने गरेको र ३० दशमलव ९ प्रतिशतले औसतमा महिनाको एकदिन पनि विदा नलिने गरेको बताएका थिए । यस्तै २४ दशमलव ८ प्रतिशतले शारीरिकरूपले भारी र लगभग आधा सहभागीले (४४ दशमलव ४ प्रतिशत) गर्मीमा काम गर्नुपरेको, करिब ९७ प्रतिशत आप्रवासी सहभागीले काम गर्ने ठाउँमा पिउने पानी र शौचालयको सुलभ सुविधा रहेको बताएको डा. मिश्रले जानकारी दिए ।

'आप्रवासी मात्रै होइन उहाँहरूको परिवारका सदस्य (विशेष गरी श्रीमती) मा पनि विभिन्न तनावका कारण धेरै समस्या हुन सक्ने देखिन्छ । यसर्थमा आप्रवासीमा उच्च रक्तचाप, मधुमेह र बढी तौल वा मोटोपन देखिएकाले ती देशमै यससम्बन्धी सचेतना जगाउन आवश्यक छ । त्यसका लागि नेपाली दूतावास र आप्रवासीको हकहितको लागि काम गर्ने संघसंस्थाले पनि विशेष पहल गर्नुपर्छ,' डा.मिश्रले भने ।

बर्नमथ विश्वविद्यालय र ग्रिनतारा नेपाल नामक गैरसरकारी संस्थाले बेलायतस्थित द कोल्ट फाउण्डेसनको आर्थिक सहयोगमा गरेको यस अध्ययनमा मधेस प्रदेश जनस्वास्थ्य प्रयोगशाला, संयुक्त राष्ट्र संघ अन्तर्राष्ट्रिय आप्रवासी संगठन (आइओएम) र बेलायतकै युनिभर्सिटी कलेज लण्डन (युसिएल) ले सहयोग गरेको जनाइएको छ । यस प्रकारको अध्ययन समुदायस्तरमा आप्रवासी नेपाली कामदार र गैरअप्रवासीबीच पहिलोपटक भएको दावी गरिएको छ ।

अनुसन्धानमा प्रमुख अनुसन्धानकर्ताको रूपमा डा. प्रमोदराज रेग्मी (बर्नमथ विश्वविद्यालय, बेलायत) र उनको टिममा अनुसन्धानकर्ता डा. निर्मल अर्याल, प्रा. डा. एडविन भान तेजलिन्जिन, प्रा.डा. अरुण सेढाइ, डा. राधेश्यामकृष्ण केसी र डा. श्रवणकुमार मिश्र सहभागी भएको ग्रिन तारा नेपालले जनाएको छ ।


### बोलपत्रद्वारा गोलिया काठ/दाउरा लिलाम बिक्रीको सूचना
**पहिलो पटक सूचना प्रकाशित मिति :२०८०/६/२६**

यस सामुदायिक वनको वन क्षेत्रबाट आ.व.२०७८/०७९ मा उत्पादन भई समूह बाहिर बाह्य लिलाम सहमति बमोजिम समुहको घाटगद्दीमा रहेका साल जातको विभिन्न ग्रेडको गोलिया थान ४३ को ७४३.०८ घनफिट , असना जातको वि ग्रेडको गोलिया थान ३ को ४६.९४ घनफिट र वृक्षारोपण सिसौ जातको गोलिया थान १ को १.४९ घनफिट काठ हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले डिभिजन वन कार्यालयमा सूचिकृत भएका इच्छुक काष्ठ उद्योगले यो सूचना पहिलो पटक प्रकासित भएको मितिले २१औ दिन भित्र बोलपत्र खरीद गरी २२ औ दिनको कार्यालय समय सम्म सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ । बिस्तृत सूचना यस समूहको सूचना पाटीमा टास गरेको ब्यहोरा सम्बन्धित सवैलाई सूचित गरिन्छ ।

**श्री सोनवर्षा सामुदायिक वन उपभोक्ता समूह**
**ठाकुरबाबा न.पा. ३ , नेउलापुर, बर्दिया ।**

### निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना
(सूचना प्रकाशित मिति २०८०/०६/२६ गते)

बन्सी हजरा/लखरजिया दुसादिनको छोरा,पनवा दुसादीनको श्रीमान बारा जिल्ला प्रसौनी गाउँपालिका वंडा नं ०१, बस्ने श्री भिखम हजराको मिति २०८०/०३/१५ गते मुत्यु भएकोले निजको नाममा यस बैंक शाखामा रहेको बचत खाता नं. ००३०००४०४५००००१ मा मौज्दात रहेको रकम भुत्तानी पाउँ भनि निज खातावालको छोरा नन्द लाल हजराले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदको बाहेक अन्य कसैको हकदावी भए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र अग्राधिकारवाला हकदारहरुले सबुत प्रमाण सहित दावी गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ । म्याद भित्र प्राप्त नभएको र रित नपुगेको दरखास्त उपर कुनै कारबाही नहुने व्यहोरा यसै सुचनाद्धारा जानकारी गराइन्छ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय विरगंज,फोन नं. ०५१-५२४८१२/१३**

## गौरीशंकर गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
सुरी, दोलखा ।

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना
प्रकाशित मिति २०८०/०६/२६

मिति २०८०/०५/१० मा सार्वजनिक खरिद अनुगमन कार्यालयको website मा प्रकाशित सूचनामा उल्लेखित अन्तिम म्याद भित्र पर्न आएका बोलपत्रहरु मध्ये मूल्याङ्कन गर्दा न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्र भएकोले सार्बजनिक खरिद ऐन, ६३ को दफा २७ (२) को प्रयोजनार्थ बोलपत्र स्वीकृतिको लागि छनौट गरिएको आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक (मु.अ.कर र PS सहित) |
|---|---|---|---|---|
| १ | 04/GRM/NCB/ Works/R/2080-81 | भोर्ले तिनेखु गाउँपालिका सडक गौरीशंकर-५ स्तरोन्नती | Bude Pokhari Construction Pvt. Ltd, Mulpani-07, Kathmandu. | रु २७,५९,३६३।४० |
| २ | 05/GRM/NCB/ Works/B/2080-81 | श्री हलेश्वर नमुना बिद्यालय भवन निर्माण । | Cho Rolpa Construction, Jorpati, Kathmandu. | रु ६३,३०,४४२।५५ |

प्रमुख प्रशासकीय अधिकृत

### सरकारसँग सांसदहरूको माग

# दैनिक उपभोग्य वस्तुको कालोबजारी नियन्त्रण गर

■ प्रभाव संवाददाता

**काठमाडौं–** सांसदहरूले आसन्न दसैं, तिहार, छठ पर्वका अवसरमा दैनिक उपभोग्य वस्तुको मूल्यवृद्धि र कालोबजारी बढेको भन्दै त्यसलाई नियन्त्रण गरी सहजरूपमा उपभोग्य वस्तु उपलब्ध गराउने वातावरण बनाउन सरकारसमक्ष माग गरेका छन् ।

प्रतिनिधिसभाको बिहीबारको बैठकको शून्य समयमा उनीहरूले विगतका वर्षझैं यस वर्ष पनि दसैं, तिहार, छठलगायत महत्त्वपूर्ण चाडपर्वमा उपभोक्ता ठगिने गरेको, व्यापारीले कृत्रिम अभाव सिर्जना गरेर बजारमा उपभोग्य अभाव गराएकाले त्यस्ता कार्यमा संलग्नलाई कडा कारबाही गर्न आग्रह गरे ।

सांसद प्रदीप पौडेलले चाडबाडका बेला सधैंजसो बजारमा दैनिक उपभोग्य वस्तुको कृत्रिम अभाव सिर्जना हुने गरेको र कालोबजारी मौलाउने गरेको भन्दै यस्तो कार्यमा संलग्नलाई कानुनी कारबाही गरी उपभोग्य वस्तु सहजरूपमा उपलब्ध गराउन सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराए । सांसद प्रतिमा गौतमले दसैं, तिहार, छठ नजिकिएको र यात्रुहरू गन्तव्यतर्फ लागिरहेको अवस्थामा महँगो भाडादर तिर्नु परेको, अखाद्य वस्तुको उपभोग बढेको, बजारमा महँगी बढेको र कृत्रिम अभाव सिर्जना गरेको भन्दै महँगी नियन्त्रण गराउन जोड दिइन् ।

सांसद पदम गिरीले चाडपर्वको मुखमा चिनीको कृत्रिम अभाव सिर्जना गरिएको र बजारमा कालोबजारी बढेकाले उपभोग्य वस्तुको सहज आपूर्तिका लागि सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराए । उनले स्थानीय तहका कर्मचारीको माग सम्बोधन गर्न सरकारसमक्ष माग गरे ।

सांसद प्रेमबहादुर महर्जनले दसैं नजिकिँदै जाँदा महँगी र अभाव हटाउन तथा गन्तव्यमा पुग्ने यात्रुलाई सहज यातायातको व्यवस्था मिलाउन माग गरे । अर्का सांसद बलराम अधिकारीले चाडपर्वको मुखमा स्थानीय कर्मचारीको समस्या सम्बोधन गर्न, उपभोग्य वस्तुको सहज आपूर्ति मिलाउनका लागि पहल गर्न आग्रह गरे ।

सांसद ठाकुर गैरेले पाल्पाली जनताले स्वास्थ्य बीमामार्फत स्वास्थ्य सेवा पाउनुपर्ने अधिकारबारे आफूले सदनमा पटक-पटक कुरा उठाउनाका साथै स्वास्थ्यमन्त्रीलाई भेटेर ध्यानाकर्षण गराउँदा पनि जिल्लामा चिकित्सक अभाव रहेकामा कार्यान्वयनका लागि चासो नदिएको गुनासो गरे ।

उनले जिल्ला अस्पतालमा चिकित्सकका लागि अनेक पहल गर्दा बल्लबल्ल एक चिकित्सक पुगे पनि हालै अन्यत्र सरुवा गराइए काले यस्तो अवस्था किन सिर्जना गरिएको बताए । उनले वीर अस्पतालमा सयौं स्वास्थ्यकर्मी निष्कासित भएको, बिरामीलाई शय्या अभाव भएको तथा चिकित्सकहरूले राजीनामा दिएको विषयमा पनि सरकारको ध्यानाकर्षण गराए । सांसद डोलप्रसाद अर्यालले संविधानको व्यवस्थाअनुसार गैरआवासीय नेपालीले अहिले पनि नागरिकता पाउन नसकेको र लामो समयपछि नियमावली राजपत्रमा प्रकाशित भएको एक महिनासम्म पनि नागरिकता दिने तयारी नगरिएकामा सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराए ।

सांसद तारा लामा तामाङले बझाङ्गी जनता अहिले पनि भूकम्पको त्रासमा रहेको अवस्थामा तिनलाई तत्काल राहत र सहयोग उपलब्ध गराउन सरकार समक्ष माग गरे । यही असोज १६ गते बझाङमा छ.तीन रेक्टरस्केलको भूकम्प गएको थियो । सांसद दीपा शर्माले नेपाली नागरिक चाडपर्व मनाउन स्वदेश फर्कंदा नेपाल र भारतका दुवै सीमा नाकामा विभिन्न समस्या भोग्न परेकाले यसका लागि सहज परिस्थितिको मिलाउन र उपभोग्यवस्तुको कालोबजारी नियन्त्रण गर्न सरकारसमक्ष माग गरिन् ।

## ओलीको खेलमा...

पृष्ठ १ बाट जारी

कोशीको मुख्यमन्त्रीका लागि कांग्रेस सभापति शेरबहादुर देउवाले आङ्बोलाई गठबन्धनको आधिकारिक उम्मेदवार भएको भन्दै समर्थन गर्ने निर्णय गरेका थिए । यसअघि दुईपटकसम्म आफ्नो दल कांग्रेसका उद्धव थापाले मुख्यमन्त्रीमा नियुक्त भए पनि विश्वासको मत नपाएपछि देउवा यसपटक माओवादीका आङ्बोलाई मुख्यमन्त्रीको उम्मेदवार बनाउन राजी भएका हुन् ।

तर, देउवाको यस्तो कदमप्रति डा. कोइराला र उनी पक्षीय प्रदेश सांसदहरू असन्तुष्ट भए । उनलाई प्रमुख विपक्षी दल नेकपा एमालेले साथ दियो । जबकि, एमाले अध्यक्ष केपी शर्मा ओली कोशी मात्रै होइन, देशका अन्य प्रदेश र संघसम्मै गठबन्धन भत्काउन चाहन्छन् । जसका लागि कोशीमा भने कांग्रेसको कोइराला पक्षलाई उनले प्रयोग गरेका छन् । कोइराला पक्षीय सांसद कार्कीले मुख्यमन्त्री भएर कोशीमा सरकार नै गठन गर्न सक्ने सम्भावना संवैधानिक र सर्वोच्चको नजीरका आधारमा बलियो देखिएको छ ।

मुख्यमन्त्रीका दाबेदार कार्की भन्छन्, 'यो उपधारा (५) बमोजिम सरकार बनाउँदा दलको संस्थागत निर्णय नभएर सांसदहरूले व्यक्तिगत निर्णय लिने हो । र, आङ्बोलाई मुख्यमन्त्री बनाउन संस्थागत निर्णय गर्दा प्रदेशसभा संसदीय दलले गर्ने हो । अरुतिर भएको सहमतिलाई संस्थागत भन्न सकिँदैन ।' उपधारा (५) अनुसार सरकार गठनका लागि सांसदहरू दलगत निर्णयभन्दा बाहिर जान सक्छन् । तर, पार्टी संसदीय दलले कारबाही गर्न नमिल्ने सर्वोच्चको फैसलामा उल्लेख छ । यसले गर्दा स्वतन्त्र ढङ्गले यस उपधाराअनुसार सांसदहरूले समर्थन गर्दै विश्वासको मत दिन पाउने सक्ने प्रावधान छ ।

**शेखरको धोका शृङ्खला**

डेढ वर्षअघि भएको स्थानीय तह निर्वाचनमै गठबन्धनको विपक्षमा थियो, कांग्रेसको संस्थापनइतर समूह । यो समूहको मूल नेता डा. शेखर कोइराला हुन् । कांग्रेस बलियो शक्ति भएकाले एक्लै निर्वाचनमा जानुपर्नेमा उनको जोड थियो । तर, सभापति शेरबहादुर देउवाले गठबन्धन गरेर चुनाव लड्ने निर्णय गरे । जुन निर्णयको प्रतिवाद गृहजिल्ला मोरङको स्थानीय तहमा गठबन्धन नगराएर कोइरालाले गरेका थिए ।

१० महिनाअघि भएको प्रदेश र संघीय निर्वाचनमा पनि गठबन्धन गर्न नहुने पक्षमै कोइराला थिए । तर, गठबन्धन भयो । गठबन्धनप्रति असन्तुष्ट उनले आफ्नो समूहमा रहेका देशभरका नेता कार्यकर्तालाई कांग्रेसबाहेक दलका उम्मेदवार हरूलाई मत नदिन भित्री रूपमा सर्कुलर गरेको गठबन्धनका अन्य दलहरूको विश्लेषण थियो ।

यसपटक भने सर्वाधिक अस्थिर सरकार भइरहेको कोशीमा गठबन्धनको एउटा दल माओवादीको कोशी प्रदेश संसदीय दलका नेता इन्द्र आङ्बोको विरुद्धमै कोइरालाले निकट नेता केदार कार्कीलाई मुख्यमन्त्रीको दाबेदार खडा गरेका छन् । यसलाई माओवादी कोशी प्रदेश अध्यक्ष हर्क नेम्बाङ कांग्रेस नेता कोइरालाको राजनीतिक बेइमानी ठान्छन् ।

'कांग्रेसको एउटा सेक्सन (कोइराला समूह) पहिलेदेखि नै गठबन्धनको विरुद्धमा उभिँदै आएको छ । जबकि, हामी इन्दार पूर्वक गठबन्धनको पक्षमा छौं', उनले भनेका छन्, 'अहिलेको परिस्थिति जे विकास भयो, यो बेइमानीपूर्ण खेल हो ।'


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MF INTERNATIONAL SDN BHD

पुर्व स्वीकृति मिति : २०८०/०६/२५ | LT. No.293963 | चलानी नं. ६०२०९१०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 150 | 0 | 1500 | ४२,३१६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज २५ गते (12th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रू. १,५००/- कामदार आफैंले सेवा शुल्कः निशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SHADA EMPLOYMENT SERVICES PVT.LTD.**

SES SHADA EMPLOYMENT SERVICES

Bhattishputali-09 Gausala opposite to Dwarika Hotel Kathmandu Nepal

Phone: +977014565453, Fax No.: +977014465461

श्रम ईजाजत नं. १३८७/०७४/०७५ Email: info@shadaes.com.np/sesjobs4@gmail.com, website: shadaes.com.np


## Nepal Oil Corporation Limited
### Aviation Fuel Depot

Sinamangal, Kathmandu, Nepal

Tel: +977-1-4111066, Email: yadavpradip175@gmail.com

## Invitation for Sealed Quotations

**Date of Notice publication: 13 October 2023**

1. The **Nepal Oil Corporation Limited (NOC), Aviation Fuel Depot (AFD)**, Sinamangal invites **Sealed Quotations** for the following Works under **Sealed Quotation (SQ)** procedures as specified in the prevailing Public Procurement Act and Public Procurement Regulations of Nepal. The SQs are open to all eligible National Bidders.

| Contract ID No. | Name of Tasks | Estimated Cost Excluding VAT (NRs.) | Minimum Bid Security Amount (NRs.) |
|---|---|---|---|
| NOC/AFD/SQ/W/2080/81-01 | Dismantle of Existing Structure of Pump House and Construction of 2 Nos of Prefab Building at AFD, Sinamangal, Kathmandu | 1,768,278.19 | 44,000.00 |
| NOC/AFD/SQ/W/2080/81-02 | New Interior Setup of Meeting Hall after Dismantle of Wall between Meeting Hall and Store Room at AFD, Sinamangal, Kathmandu | 1,745,035.47 | 43,000.00 |
| NOC/AFD/SQ/W/2080/81-03 | Concrete Works for Weighing Machine Area and Construction of New Store Room Near Parking Gate at AFD, Sinamangal, Kathmandu | 1,729,827.97 | 43,000.00 |

2. Interested Bidders may obtain further information and inspect the SQ Documents in English at the office of NOC/AFD.
3. Complete set of Bidding Documents (SQ) in English may be purchased from the office of NOC/AFD, Sinamangal, Kathmandu during office hours on all working days by eligible bidders from **13 October 2023** onwards on the submission of a Written Application, copies of Firm/Institution Registration & PAN/VAT Registration certificates and upon payment of a non-refundable fee of **NRs. 1,000.00** for each task. The Bidding Document shall be available for sale up to office hours till **30 October 2023.**
4. Interested Bidders are required to submit the SQ to the office of NOC/AFD on or before **1:00 P.M. on 31 October 2023.**
5. Submitted SQs will be opened in the presence of Bidders' representatives who choose to attend at **1:30 P.M. on 31 October 2023** onwards, 15-minute intervals for each task respectively, at the office of NOC/AFD, Sinamangal, Kathmandu, Nepal.
6. Sealed Quotation must be valid for a period of 45 days counting from the date of SQ opening and must be accompanied by SQ/Bid security, as mentioned in the table above, which shall be valid for a minimum of 30 days beyond the quotation validity period (i.e., Valid up to minimum 13 January 2024).
7. If the Bidder wishes to submit the bid security in the form of cash, the cash should be deposited in **NOC/AFD's Current Account Number: 1690100000047001, Rastriya Banijya Bank Ltd., Trivuwan Antarastriya Bimansthal, Airport Gauchar, Kathmandu Branch** and original voucher/receipt of the deposited amount must be submitted along with the Sealed Quotation.
8. Other details are provided in the Sealed Quotation Document.


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TOSHIBA TEC MALAYSIA MANUFACTURIN SDN BHD

पुर्व स्वीकृति मिति २०८०/०६/२५ | LT. No.293971 | चलानी नं. ६०२०९०८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 70 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक ३ गते (20th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १००१/०६८/६९

**MOBHIRA H.R. SERVICE PVT. LTD.**

Gaushala, Bijayachowk, Kathmandu BAGMATI

Tel : +977-1-4588855/4588856, mail: mobhirahr@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHAR COMPANY IS A CLOSED JOINT STOCK COMPANY

पुर्व स्वीकृति मिति : २०८०/०६/२२ | LT. No. 293792 | चलानी नं.:६०२०९०५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 3 | 0 | 1000 | ३५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक ३ गते (20th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**RECENT JOB PLACEMENT PVT. LTD**

श्रम ईजाजत नं. १३१८/७४/७५

Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-439046, 4355536

Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com

## Free Visa!! Free Ticket!! Free Recruitment !!
## ओमनमा निःशुल्क वैदेशिक रोजगारको अवसर

कम्पनी : KHIMJI INTERNATIONAL LLC

पुर्व स्वीकृति मिति २०८०/०६/१२ | LT. No. 293206 | चलानी नं. ६०२०८३६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव OR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Head Waiter | 5 | 0 | 160 | ५५,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Head Waiters | 5 | 0 | 180 | ६२,११५ | | | | | | | |
| 3 | Waiter Female | 0 | 5 | 140 | ४८,३१० | | | | | | | |
| 4 | Waiter Male | 17 | 0 | 140 | ४८,३१० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक ३ गते (20th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

VISION & VALUE

श्रम ईजाजत नं. ८२२/०६६/०६७

**VISION & VALUE OVERSEAS PVT. LTD.**

Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, P.O.Box:7764

Mobile: 9863194833, 9863194835, 9863194832, 9863194834, 9863194839

9851315983, 9846035174, 9851055165, 9818002688, 9851044323, 9861605199, 9841076393

Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EMFAM INTEGRATED TECHNICAL SERVICES LLC

पुर्व स्वीकृति मिति : २०७९/०१/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/२५ | LT. No. 262521 | चलानी नं. ६०१७८९०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Purchasing Representative | 2 | 0 | 1400 | ५१,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Packer | 31 | 0 | 1000 | ३६,६३५ | | | | | | | |
| 3 | Cleaning Supervisor | 3 | 0 | 1500 | ५४,९५५ | | | | | | | |
| 4 | Commercial Sales Representative | 4 | 0 | 1400 | ५१,२९० | | | | | | | |
| 5 | Follow Up Clerk | 1 | 0 | 1400 | ५१,२९० | | | | | | | |
| 6 | Marketing Manager | 1 | 0 | 1500 | ५४,९५५ | | | | | | | |
| 7 | Operation Manager | 1 | 0 | 1500 | ५४,९५५ | | | | | | | |

कम्पनी : EMFAM INTEGRATED TECHNICAL SERVICES LLC

पुर्व स्वीकृति मिति २०७९/०९/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/२५ | LT. No. 278238 | चलानी नं. ६०१९४५१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Administrative Officer | 0 | 1 | 1400 | ५१,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaning Supervisor | 1 | 0 | 1500 | ५४,९५५ | | | | | | | |
| 3 | Cleaner | 13 | 5 | 1000 | ३६,६३५ | | | | | | | |
| 4 | Commercial Sales Representative | 4 | 0 | 1400 | ५१,२९० | | | | | | | |
| 5 | Follow Up Clerk | 1 | 0 | 1400 | ५१,२९० | | | | | | | |
| 6 | Marketing Manager | 1 | 0 | 1500 | ५४,९५५ | | | | | | | |
| 7 | Packer | 0 | 6 | 1000 | ३६,६३५ | | | | | | | |
| 8 | Purchasing Representative | 2 | 0 | 1400 | ५१,२९० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज ३१ गते (17th Oct. 2023) मा हुनेछ ।
Intourist Hotel, Itahari मा मितिः २०८० कार्तिक १ गते (18th Oct. 2023) मा हुनेछ ।
Red Carpet, Chitwan मा मितिः २०८० कार्तिक २ गते (19th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**VARSHA MANPOWER PVT. LTD.**

**(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)**

श्रम ईजाजत नं. ९५४/०६७/६८

Maharajgunj-3,Marajgunj, Kathmandu, Phone No: 015908044/015906944

प्रभाव दैनिक National Daily

## सम्पादकीय

# संघीयता थला पार्ने थलो बन्दै कोशी

देश प्रदेशको संरचनामा गएको ७ वर्ष पुगेको छ । यो सरकारी संरचनादेखि राजनीतिक संरचना विस्तारै प्रदेशको संरचनामा ढल्न थालेको छ । तर कोशीमा भने संघीयतापछिको दोस्रो निर्वाचनमा विभिन्न प्रयोग हुन थालेका छन् । कुनै पनि दलले स्पष्ट बहुमत ल्याउन नसक्दा दोस्रो निर्वाचनपछि नै ९ महिनाको अवधिमा शुक्रबार पाँचौ सरकार पाउँदैछ कोशीले ।

सरकार निर्माणमा कोशीको यो रेकर्ड ब्रेक घटना हो । कोशी नम्बर एक प्रदेश हो । पहिलो निर्वाचनमा यो प्रदेशले नाम नै पाउन सकेन । पहिचानवादीको डरका कारण एमालेबाट मुख्यमन्त्री बनेका शेरधन राईले प्रदेशको नामकरण गर्न सकेनन् । एमालेबाट फुटेर एकीकृत समाजवादी पार्टी बन्यो । यही पार्टीका नेता राजेन्द्र राई मुख्यमन्त्री बने । उनले पनि प्रदेशको नाम राख्न सकेनन् । संघीयतापछिको दोस्रो निर्वाचनमा शुरुमा एमाले माओवादीको गठबन्धन बन्यो । यहाँ एमालेका हिक्मत कार्कीको नेतृत्वमा सरकार गठबन भयो । कार्की प्रदेशका नामकरण गर्न सफल भए ।

उनी प्रदेशको नाम राख्न सफल भए पनि सरकार जोगाउन भने सफल भएनन् । किनभने संघमा एमालेसँग गठबन्धन तोडेर माओवादी कांग्रेससँग लाग्यो । कांग्रेस सत्तामा आएपछि एकपछि अर्को गर्दै एमाले नेतृत्वको प्रदेश सरकार ढल्यो । कोशी यसबाट अछुतो रहन सकेन । कोशीमा कांग्रेसका उद्धव थापा मुख्यमन्त्री बने । उनी मुख्यमन्त्री दुईपटक बने । दुबैपटक थापा प्रधानमन्त्री बनेको प्रक्रिया अदालतले गलत ठहराइदियो । त्यससँगै पुन कार्की नै नेतृत्वमा आए । अदालतले उनलाई मुख्यमन्त्री बन्ने बाटो खोले पनि एक महिनामा विश्वासको मत पाउनुपर्ने प्रावधान छ । आफ्नो पक्षमा मत नपर्ने देखिएपछि कार्कीले मुख्यमन्त्रीबाट राजीनामा दिएर मार्ग प्रशस्त गरिदिए । अहिले संविधानको धारा १६८ को उपधारा ५ प्रयोग भइसकेको अवस्था छ कोशीमा । यसरी निर्माण भएको सरकारले पनि विश्वासको मत लिनुपर्ने हुन्छ । एक महिनाभित्र विश्वासको मत लिइसक्नुपर्ने हुन्छ । मत पाउन नसके ६ महिनाभित्र निर्वाचनको घोषणा गर्नुपर्ने प्रावधान छ ।

यद्यपि दलहरूले चुनाव चाहेका छैनन् कोशीमा । चुनाव भएमा पहिचान पक्षधर र नयाँ दलको पोल्टामा परिणाम जाने डर पुराना दललाई छ । यसकारणले पनि गठबन्धनले राप्रपालाई मनाएर जाने तयारीमा लागेको देखिन्छ । तर एमालेले भने यही बेला कांग्रेसको केदार कार्की गुटलाई समर्थन गरेको छ । जोकोही मुख्यमन्त्री भए पनि सत्ता स्थिर हुनुपर्ने हो । तर दलहरूले नै कोशीलाई पटकपटक प्रयोगको थलो बनाएर संघीयतालाई थला पार्ने काम गरिरहेका छन् ।

## मनन्योग्य

### चाणक्य नीति

कुलपतिको अनुरोधद्वारा त्यहीं विश्वविद्यालयमा आचार्य पदमा रही विष्णुगुप्त अध्यापन कार्य गरे । सूरदेशमा पनि उनका ज्ञानको चर्चा हुन थाल्यो ।

तर, यता भारत वर्षको राजनीतिक दशा छिन्नभिन्न थियो । यस समयमा आफ्ना स्वार्थमा लागेर साना राज्य आपसी युद्धमा अल्भिएका थिए । राज्यको सुखसमृद्धिको इच्छा त्यागी भोगविलास र मोजमस्तीमा नै राजाहरू उन्मुख थिए ।

युनानबाट आँधीभैंँ बनी सिकन्दरको रूपमा आइरहेथ्यो । यो समय ईशाभन्दा ३२६ वर्षपूर्वको हो । विश्वविजयको सपना देख्दै सिकन्दर आयो । विजयध्वजा फहराउँदै ऊ भारत देशको नजिक आइपुग्यो सिकन्दरले मनको नहद प्यूसँग खाँदै यी खाना राज्यमा बाँडिएका राज्य त्यति शक्तिशाली छैनन् भन्ने सोचेको थियो । उसले सम्भ्यो, साधारण सुझबुझबाट सुनको चुरा हात पर्नेछ । सिकन्दरले भारतमा पाइला टेक्यो । आफ्ना गुप्तचर सबैतिर खटाएर जनतालाई पैसा दिएर लोभमा पारी राज्यहरू र तिनका छेउछाउका राज्यको जानकारी पाउन जालसमेत सिकन्दरले फैलायो ।

उसले आफ्नो पहिलो लक्ष्य भारत वर्षको उत्तर-पश्चिममा बसेको तक्षशिला सहरका नरेश आम्भीलाई बनायो । कुनै युद्ध नै नगरी आम्भीले सिकन्दरले दासता स्वीकार गर्दै धेरै धन र बहुमूल्य उपहार पनि दिए । यो आम्भीको आफ्नो देशप्रति ठूलो विश्वासघात थियो सन्धिपछि सिकन्दरका सैनिकले उत्पात गर्न थाले । धेरै समयदेखि युद्धमा नै रहेका सैनिकहरू पत्नीबाट विछोड भएकाले तक्षशिलाका तरुनी देखेर कामुक भए ।

प्रतिदिन सहरका छोरीबुहारीहरू सिकन्दरका सैनिकका वासनाका सिकार भए । सिकन्दरले तक्षशीलामा संस्कृतको विरोध गरी युनानी भाषाकी आरम्भ गरायो । सिकन्दरले राज्यको सहयोग पाएकाले आचार्यहरू र विद्यार्थीहरूको अध्ययन-अध्यापन बन्द गरायो । राजा आम्भीले स्वीकार्नु, सिकन्दरका सैनिकको उत्पात, संस्कृतको पठनपाठन बन्द आदिले तक्षशिलामा विद्यार्थीहरू कम हुँदै गए, जुन विश्वविद्यालयमा प्रवेश पाउनका लागि विद्यार्थीको तछाडमछाड भइरहन्थ्यो ।

क्रमशः

# लगानी संवाद, आइसिटी स्टार्टअप तथा इनोभेसन



नेत्र सुवेदी 'प्रयास'

> संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ४३४ स्थानीय तहलाई आधार मानेर सात प्रदेशका ५० सूचकका आधारमा गरेको सूचना प्रविधि सक्षमताको लेखाजोखा मूल्यांकनको नतिजाले २२९ वटा स्थानीय तहमात्र औसत अंक ल्याउन सफल देखिए । यसबाट स्थानीय तहले सूचना प्रविधि प्रयोग सम्बन्धमा आधारभूत तहमै काम गर्न बाँकी रहेको देखाउँदछ ।

### विषय प्रवेश

भेला हुनु, मेला आयोजना गर्नु, हाटबजार सञ्चालन हुनु, नयाँ-नयाँ विषयमा सोधपुछ गरी जानकारी हासिल हुनु, नवप्रवर्तनका लागि प्रोत्साहन गरिनु यी सबै राम्रा काम हुन् । समय परिवर्तनसँगै यस्ता मेला वा संवादहरूमा नयाँ र सिर्जनशील विषयहरू पनि किन्न, सुन्न, जान्न पाइन्छ । स्थानीय तहहरूले आफ्नो बजेट आफैं निर्माण गर्ने क्रम सुरु भएसँगै कतिपय स्थानीय तहले लगानी सम्मेलन गर्ने भनेर बजेटमै उल्लेख गरे ।

तिलोत्तमालगायत केही पालिकाले सम्मेलन पनि आयोजना गरे । केही वर्षयता सूचना तथा सञ्चारसँग सम्बन्धित प्रणाली, आइसिटी प्रयोग गरी हुने सेवासँग जोडिएका प्रडक्टहरू जनसमक्ष पुऱ्याउने कम्पनी तथा संस्थाहरूको संख्या बढिरहेको छ भने सूचना तथा सञ्चार प्रविधिसँग कुनै न कुनै रूपमा आबद्ध भएर स्वरोजगारी तथा उद्यम सञ्चालन गर्ने युवाहरूको संख्या पनि बढ्दो क्रममा छ ।

निजी तवरबाट सूचना प्रविधि क्षेत्रलाई अघि बढाउन क्रियाशील कम्प्युटर एसोसियसन नेपालले हरेक वर्ष क्यान इन्फोटेक मेला प्रारम्भ गरेकै २८ वर्ष भइसक्यो । आइसिटी अवार्डका आधारमा आइसिटी फाउण्डेसनले पनि सूचना प्रविधिसँग सम्बन्धित व्यवसायी, उद्यमी र स्टार्टअपहरूको वार्षिक भेला विगत आठ वर्षदेखि गर्दै आइरहेको छ । उद्योग वाणिज्य महासंघलगायतका निजी क्षेत्रका संस्थाहरूले पनि सूचना प्रविधिलाई महत्त्वका साथ अगाडि बढाएका छन् ।

द ब्रिटिस कलेज, सफ्टारिका कलेजले पनि यसै वर्ष इनोभेसन र दिगो विकास लक्ष्यलाई समेत जोडेर 'स्टार्टअप फेस्ट' आयोजना गरेका थिए । २०७९ असार ४ र ५ गते हुवावेलगायतका कम्पनीको प्रायोजनमा डिजिटल नेपाल कन्क्लेभ सञ्चालन भएको थियो । नेपालको डिजिटल इकोसिस्टम निर्माणका लागि अघि बढाउनुपर्ने विभिन्न विषयमा देशविदेशका विज्ञहरूको प्रस्तुति एवं छलफल निष्कर्षहरू तयार गरिएको थियो ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ४३४ स्थानीय तहलाई आधार मानेर सात प्रदेशका ५० सूचकका आधारमा गरेको सूचना प्रविधि सक्षमताको लेखाजोखा मूल्यांकनको नतिजाले २२९ वटा स्थानीय तहमात्र औसत अंक ल्याउन सफल देखिए । यसबाट स्थानीय तहले सूचना प्रविधि प्रयोग सम्बन्धमा आधारभूत तहमै काम गर्न बाँकी रहेको देखाउँदछ ।

### सूचना प्रविधि र इकमर्स

सूचना प्रविधिमा आधारित उद्यम तथा स्वरोजगारसम्बन्धी सीप, आइडिया, व्यवसाय एवं आर्जनको विषय संसारभर नै विस्तारका क्रममा रहेको र अर्थतन्त्रमा उदीयमान क्षेत्रका रूपमा लिइएको छ । सूचना प्रविधिमा विकसित पछिल्ला उपकरण र प्रणालीहरूले सम्भव तुल्याएका सुविधाहरू सार्वजनिक क्षेत्र, निजी क्षेत्र र अन्य सबै संगठित क्षेत्र र सर्वसाधरण व्यक्तिलेसमेत लिन सम्भव भएको छ । प्रयोगमा आइरहेका प्रणालीमा पनि समयक्रमसँगै सुधार वा परिवर्तन अपेक्षित हुन्छ । जति पछाडि उति कम लागत, बढी क्षमता र सानो आकार वा स्पेस लिनेगरी सूचना प्रविधि विकसित भइरहेको छ । सूचना प्रविधि र सञ्चार आपसमा अन्तरसम्बन्धित समेत भएको हुँदा सूचना तथा सञ्चार प्रविधि अर्थात् आइसिटी भनेर चिन्ने गरिन्छ ।

नवीन प्रविधिले गर्दा जुनसुकै बखत सरकार-नागरिक र बजार-ग्राहकबीच अन्तरक्रिया सम्भव हुँदै गएको छ । यस्तो अवस्थामा कुनै पनि सरकार वा कुनै पनि विकासको पात्रले सूचना प्रविधिबाट अनदेखा भएर अगाडि बढ्न असम्भव छ । के कति निजी क्षेत्रमैत्री हुने ? के कति युवा उद्यमीमैत्री हुने र सार्वजनिक, निजी र सामुदायिक क्षेत्रबीच आपसी अन्तरक्रिया बढाउँदै सूचना तथा सञ्चार प्रविधिलाई के कसरी उद्यम विकास, रोजगारी र आयसँग जोड्ने भन्ने विषय अहिलेको एक महत्त्वपूर्ण सरोकारको सवाल भएको छ । इकमर्सलाई पनि प्रस्टरूपमा विनाझण्झट कानुनको दायरामा ल्याई औपचारिक बजारमा प्रवेश गराउनुपर्नेछ ।

### सूचना प्रविधि क्षेत्रको विकास र विस्तारमा सरकारी क्षेत्र

वर्तमान संविधान र आवधिक योजनाले सूचना तथा सञ्चार प्रविधिको उच्चतम प्रयोगतर्फ संकेत गरिएको छ । चालु आर्थिक वर्ष २०८०/८१ को बजेटमा अन्य कुराको अतिरिक्त डिजिटल नेपाल फ्रेमवर्कलाई आवश्यक परिमार्जनसहित कार्यान्वयनमा लगिने, डिजिटल साक्षरता बढाइ नागरिक एपको प्रयोग र पहुँच विस्तार गरिने उल्लेख छ । दूरसञ्चार पूर्वाधारअन्तर्गत ब्रोडब्याण्ड इन्टरनेट सेवा विस्तारको विषय परेको छ भने साइबर सुरक्षा र विद्युतीय तथ्यांकको सुरक्षाका विषयहरू पनि परेका छन् ।

साथै, इकमर्सको माध्यमबाट हुने नेपाली वस्तु तथा सेवाको व्यापार प्रवर्द्धन र नियमन गर्न कानुनी व्यवस्था गरिने उल्लेख छ । चौथो पुस्ताको औद्योगिकरण अवधारणाको आन्तरिकीकरणका लागि प्रविधि सहयोग, सचेतना र तालिमका कार्यक्रम सञ्चालन गरिने विषयसमेत बजेटमा परेको छ । यसअघिका वर्षहरूदेखि नै स्टार्टअपका लागि सक्रिय व्यवसायीलाई अनुदानको व्यवस्था गर्ने भनिएको र अनुदान वितरणका लागि कार्यविधिको तयारी भइरहेको प्रसंग बेलाबखत सुन्ने गरिएको छ । सार्वजनिक निकायमा विनियोजन भएको रकम खर्च गर्न निश्चित विधि अनुशरण गर्नुपर्ने हुँदा निजी क्षेत्र वा संस्थाले जस्तो सरल र छिटो ढंगले कार्यसम्पादन हुन गाह्रो छ । तथापि, आइसिटी सेवा र बिजिनेस प्रोसेस आउटसोर्सिङलाई रोजगारी तथा आमदानीको क्षेत्रका रूपमा चित्रित गर्दै आएको देखिन्छ ।

### लगानी संवाद

गत वर्षमात्र पनि लेखक स्वयं लुम्बिनी प्रदेशको अर्थ तथा सहकारी मन्त्रालयमा कार्यरत रहँदा प्रदेशका पश्चिमतर्फका जिल्लालाई समेटेर नेपालगञ्ज उद्योग वाणिज्य संघको हलमा लुम्बिनी लगानी संवाद सञ्चालन हुँदा ३० वटाभन्दा बढी साना तथा मझौला उद्यमी व्यवसायी तथा लगानीसम्बन्धी सरोकारवाला तथा विज्ञ सहभागी रहेको तथा उद्यमी व्यवसायीहरूलाई सरकारको तर्फबाट हुनुपर्ने साथ र सहयोगका साथै समग्र इकोसिस्टम निर्माणका लागि महत्त्वपूर्ण सुझाव प्राप्त भएका थिए । देशविदेशका ठूला कम्पनीको जमघट गर्ने, लगानीको घोषणा पनि गर्ने तर सम्झौता एवं लगानी शून्यप्रायः हुने तितो यथार्थका बीच स्थानीयस्तरमा क्रियाशील उद्यमी व्यवसायीकै मर्का सुनेर समाधानको पहल हुनु सबै प्रदेश तथा स्थानीय तहका लागि एउटा उपयोगी कार्यनीति हुनसक्ने लेखकको ठम्याइ रहेको छ ।

### स्टार्टअप एण्ड आइडिया फेस्ट २०२३

लिभिङ विथ आइसिटी र आइसिटी फाउण्डेसन नेपालले हरेक वर्ष आयोजना गर्ने आइसिटी अवार्डको प्रि-इभेन्ट क्याम्पियनका रूपमा काठमाडौंको थापागाउँस्थित बानेश्वर बैंक्वेटमा यही असोज १९ र २० गते स्टार्टअप एण्ड आइडिया फेस्ट आयोजना गरेको थियो । सातै प्रदेशका स्टार्टअप, आइडिया र इन्नोभेसनमा काम गर्ने युवासँग प्रदेश प्रदेशमा अन्तरक्रिया तथा छलफल गरेर काठमाडौंमा दुई दिने कार्यक्रम गरिएको हो । उक्त स्टार्टअप एण्ड आइडिया फेस्टमा सातै प्रदेशका स्टार्टअपसहित ८० बढी डिजिटल स्टार्टअप आइडिया र इन्नोभेसनको सहभागिता थियो । सो प्रदर्शनीमा स्कूल कलेजका क्रियाकलापयुक्त स्टलहरू, प्रदेशगतरूपमा र राष्ट्रिय रूपमा सहभागीहरूको स्टल तथा इन्कुवेसनसहितको छनोटमा परेका तीन समूहका ४० जति स्टार्टअप उद्यम एवं प्रडक्टहरू तथा समृद्धी आइडियाहरूको व्याख्या विश्लेषण र जिज्ञाशा समाधान गर्ने र सम्पर्क एवं थप जानकारीका लागि ब्रोसर तथा कार्डहरूको वितरणसमेत भएको थियो ।

आइसिटी फाउण्डेसन नामक संस्थाले नेपाली बजारमा डिजिटल विकास तथा सोको आन्तरिकीकरणमा सक्रिय भूमिका खेल्दै आएको छ । अवश्य पनि देशमै केही गर्ने हुटहुटी भएका युवाहरूलाई प्रोत्साहन र प्रवर्द्धनको खाँचो छ । यस्तो अवस्थामा युवाहरूको प्रतिभालाई सबैमाझ देखाउने र उनीहरूलाई प्रोत्साहन तथा प्रवर्द्धन गर्न स्टार्टअप फेस्टले महत्त्वपूर्ण प्लेटफर्मको काम गर्न सक्छ । यसपटकको स्टार्टअप एण्ड आइडिया फेस्टमा नेपाली युवाले तयार पारेका एआई, ब्लकचेन, मेसिन लर्निङ, इभी, विभिन्न सिस्टम, सफ्टवेयर तथा हार्डवेयर सोलुसनलगायतका स्टार्टअप इन्नोभेसन र आइडियाहरू राखिएको थियो ।

देशैभरका नयाँ-नयाँ स्टार्टअप, आइडिया र इन्नोभेसन हेर्न अवलोकनकर्ताको उत्साहजनक सहभागिता थियो भन्ने विषय दुई दिनमात्र सञ्चालन भएको उक्त फेस्टमा १२ हजारभन्दा बढीले अवलोकन गरेको विवरणबाट पुष्टि हुन्छ । मेलामा अवलोकन गर्न पुगेका व्यक्तिहरूले देशका युवाहरूको इन्नोभेसनलाई चासोका साथ नियाल्नुका साथ विभिन्न जिज्ञाशाहरू राखेबाट पनि यस खालको मेला समय-समयमा आयोजना हुनुपर्ने देखिन्छ । प्रतियोगितासहितको फेस्टले युवाहरूलाई देशमै केही गर्न प्रेरित गरिरहेको विश्वास गर्न सकिन्छ । देशमा पछिल्लो समयमा कस्ता-कस्ता स्टार्टअप, आइडिया र इन्नोभेसन छन् त्यसको प्रतिबिम्ब फेस्टमा देखिएको छ ।

स्टार्टअप एण्ड आइडिया फेस्टमा राजनीतिक उच्चपदस्थ व्यक्तिहरू, सरकारी निकायका उच्च अधिकारी, निजी क्षेत्रका प्रतिनिधि, विभिन्न कम्पनीका संस्थापक, सिइओ, लगानीकर्तालगायत अवलोकनका लागि पुगेको जानकारी पाइयो । आइसिटी अवार्ड-२०२३ को प्रि-इभेन्ट क्याम्पियनको रूपमा भएको स्टार्टअप एण्ड आइडिया फेस्ट तथा स्टिम क्याम्पलाई लिइएको रहेछ । कार्यक्रममा सहकार्य गरेको स्क्वाइड अफ चेञ्जमेकरले रोबोट, रकेट, थ्रिडी प्रिन्टिङसहित बालबालिकाले बनाएका नयाँ प्रोजेक्टहरूलाई पनि प्रर्दशनीमा राखेको थियो ।

कार्यक्रमको मुख्य आकर्षणको रूपमा नयाँ-नयाँ आइडिया, इन्नोभेसन तथा प्रडक्टको प्रदर्शनी, आइडिया पिचिङ, एस्ट्रोनोमी क्याम्प, रकेट तथा रोबोटिक्स क्याम्प, लगानीको अवसर तथा गेम रहेका थिए । साथै यो कार्यक्रमका सिलसिलामा आइडिया पिचिङ, वुटक्याम्प, मेन्टरिङ, लगानी अवसरका लागि जानकारी लिने, डिजिटल साक्षरताका साथै पहिचान र पुरस्कारको आधारका रूपमासमेत लिइएको पाइयो । फेस्टमा सातै प्रदेशका ३० बढी स्टार्टअपका साथै आइसिटी अवार्ड २०२३ मा प्रतिस्पर्धाबाट छनोट भएका उत्कृष्ट १२ स्टार्टअप, १३ विद्यार्थीहरूका इन्नोभेसन र १४ प्रडक्टलेसमेत फेस्टमा आफ्ना आइडिया र प्रडक्टहरू प्रदर्शनीमा रहेका थिए ।

कार्यक्रममा अवलोकनकर्ताले आइसिटी अवार्ड-२०२३ का उत्कृष्ट १२ स्टार्टअप, १४ प्रडक्ट र १३ राइजिङ स्टार इन्नोभेसनमध्ये पाँच-पाँच वटालाई भोट गर्न सकिने व्यवस्थासमेत गरिएको थियो । कार्यक्रमको अन्तिम दिन सहभागी भएका सातै प्रदेशका स्टार्टअप, एक्जिबिटर, मेन्टर, आइसिटी अवार्डका उत्कृष्ट १२ स्टार्टअप, १३ राइजिङ स्टार र १४ प्रडक्टलाई सहभागिताका लागि सम्मानितसमेत गरिएको थियो ।

मेलाभन्दा अगाडि नै दुई दिनसम्म सञ्चालन भएको वुटक्याम्पमा मार्केटिङ, ब्राण्डिङ, कम्पनी दर्ता, बजार अध्ययन, इक्विटी, कस्टुमर एक्विजेसनलगायत स्टार्टअप तथा आइडियालाई कसरी अगाडि बढाउने भन्ने विषयमा विविध कुराहरू सिकाइएको सहभागीहरूबाट जानकारी पाइयो । किंग्स कलेजसँगको सहकार्यमा आयोजना गरिएको बुटक्याम्पमा स्टार्टअप कसरी सुरू गर्ने, के-के कुरामा ध्यान दिने, बजार व्यवस्थापन कसरी गर्ने, लगानी कसरी ल्याउने, दर्ता कसरी गर्ने, आइडियालाई कसरी भ्यालिडेट गर्नेलगायत ज्ञान पाइएको सहभागीको भनाइ थियो । यसका साथै बुटक्याम्पमा सहभागी भएकाहरू उद्योगको भ्रमणमासमेत गएका थिए । उनीहरूलाई नेपालका उत्कृष्ट प्रविधि कम्पनीहरू क्लाउड फयाक्ट्री, लगपोइन्ट, वेद, टेक क्राफ्टजस्ता कम्पनीहरू भ्रमणमा पनि लगिएको रहेछ । उक्त भ्रमणबाट कम्पनी कसरी सञ्चालन हुन्छ ? के-के कुरा आवश्यक पर्छन् ? कस्ता-कस्ता चुनौतीहरू आउँछन् ? जस्ता विषयमा जानकारी दिइएको थियो । विशेषगरी स्टार्टअपलाई उद्योगसँग जोड्ने र त्यसको जानकारी दिने भ्रमणको उद्देश्य थियो ।

सातै प्रदेशका स्टार्टअपलाई प्रवर्द्धन गर्न यसपटक प्रत्येक प्रदेशका एक-एक स्टार्टअपलाई आइसिटी अवार्ड-२०२३ को ग्राण्ड फिनालेमा प्रोभिन्सियल रिकग्निसन आइसिटी अवार्डसमेत प्रदान गरिने भएक ो छ । जसबाट प्रदेशमा स्टार्टअपलाई बढावा दिन, देशमै केही गर्न र गरे हुन्छ भन्ने विश्वास सिर्जना एवं प्रोत्साहनसमेत मिल्ने देखिन्छ । नेपालको प्रतिष्ठित प्रविधि अवार्डको रूपमा परिचित आइसिटी अवार्डको आठौं संस्करणमा यसपटक विभिन्न १३ विधामा ५०० भन्दा बढीको नोमिनेसन प्राप्त भएकोमा उक्त पुरस्कारका लागि दोस्रो चरणको मूल्यांकनपछि छनोटमा परेका स्टार्ट अप, प्रडक्ट र इनोभेसनहरू समेत यो फेस्टमा सहभागी थिए ।

आइसिटी अवार्डको ग्राण्ड फिनाले आगामी पुस ६ गते द सोल्टी होटल काठमाडौंमा आयोजना हुनुअघि स्टार्टअप एण्ड आइडिया फेस्ट र स्टिम क्याम्पसँगै अवार्डका लागि दर्जनौं प्रि-इभेन्ट सञ्चालन हुने र कान्तिपुर टेलिभिजनले दुई महिनासम्म स्टार्टअप र आइडिया पिचिङको विशेष कार्यक्रमका रूपमा टेलिभिजन सिरिजहरू पनि प्रशारण गर्ने बुझिएको छ । यसरी सातै प्रदेशमा गएर देशका कुनाकाप्चामा रहेका स्टार्टअप र आइडियालाई प्रोत्साहन र प्रवर्द्धन गर्ने तथा देशको राजधानीमा फेस्टको आयोजना गर्ने लिभिङ विथ आइसिटीको काम सरहानीय देखिन्छ ।

### निष्कर्ष

देशभित्रै युवाहरूलाई सिर्जनशील अवसर प्रदान गर्ने तथा बलियो तथा उत्थानशील स्टार्टअप पारिस्थितिक प्रणालीबाट दिगो विकासमा टेवा पुऱ्याउनका लागि सबै क्षेत्रबीच आपसी संवाद, साझा बुझाइ र सहकार्य आवश्यक पर्ने देखिन्छ ।

स्टार्टअपका अवसरहरू सिर्जना गर्दै इन्कुवेसन, इकमर्सको प्रवर्द्धन तथा हरित अर्थतन्त्रको प्रवर्द्धनमार्फत दिगो विकासलाई सम्भव तुल्याउनका लागि पनि लगानीको अवसर तथा उद्यमशीलता विकाससँग रोजगारी सम्भव तुल्याउन यस्ता मेला र संवादहरू सहयोगी रहन्छन् । सकारात्मक अग्रसरताका यी र यस्ता विषयहरूलाई मिडिया कभरेज गरी निरन्तर सूचना प्रवाहसमेत भइरहनुपर्दछ । *रासस*

# अन्धोपनको समस्या ग्रामीण क्षेत्रमा बढी

**चितवन–** नेपालमा अन्धोपन निवारण गर्न ग्रामीण क्षेत्रसम्म आँखा उपचारको पहुँच पुऱ्याउनुपर्ने भएको छ । आँखा उपचार क्षेत्रमा क्रियाशील विज्ञको भनाइमा सहरी क्षेत्रमा चिकित्सक र सुविधा सम्पन्न अस्पताल भए पनि अन्धोपन बढी संख्यामा ग्रामीण क्षेत्रमा रहेको छ ।

भरतपुर आँखा अस्पतालका कम्युनिटी अप्थाल्मोलोजिस्ट प्रा.डा. सोनु दुलाल सहरी क्षेत्रमा राम्रा अस्पताल र चिकित्सक भएका तर धेरैजसो आँखाको समस्या दूरदराजको ग्रामीण क्षेत्रमा रहेको बताउँछन् । उनी भन्छन्, 'नेपालमा डाक्टर हुनुहुन्छ, उहाँहरू सहरमै बस्नुहुन्छ, सहरमै अस्पताल बन्छ । आँखाको सेवा लिनुपर्ने जनसमुदाय सहरबाट टाढा दूरजराजमा बस्नुहुन्छ ।' नेपालको मात्रै नभएर संसारमै यही अवस्था रहेको उनको भनाइ छ ।

आँखाको विषय त्यति जटिल नलागे पनि अन्धोपनको समस्या विकराल रहेको भन्दै उनले धेरैजसो देशमा सरकारले आँखाको उपचार सेवा दिन नसक्ने अवस्था रहेको बताए । उनले भने, 'जुन रोगबाट मानिसको तुरुन्त मृत्यु हुन्छ, त्यस्ता रोगको उपचारमा सरकारको प्राथमिकता हुँदोरहेछ । त्यसैले सरकारले आँखाको उपचारमा ध्यान दिन सक्दा रहेनछन् ।' गैरसरकारी संस्थाले नै आँखा उपचार सेवा समुदायसम्म पुऱ्याउने चलन धेरै देशमा रहेको उनको भनाइ छ । उनले भने, 'नेपालमा पनि यही नै चलन छ ।'

विश्व स्वास्थ्य संगठनले जारी गरेको तथ्यांक उद्धृत गर्दै उनले भने, 'विश्वमा दुई अर्ब २० करोड मानिसलाई आँखाको समस्या छ, त्यसको आधा अर्थात् एक अर्ब १० करोड मानिस आँखा उपचार सेवाबाट वञ्चित छन्,' उनले अगाडि थपे, 'उनीहरू उपचारको पहुँचबाट टाढा छन् । यिनीहरूमध्ये पनि ५० वर्षभन्दा बढी उमेरका व्यक्तिमा समस्या बढी छ । समस्या भएकामध्ये ५० वर्षभन्दा माथिका ६५ प्रतिशत छन् ।'

नेपालमा नेपाल नेत्रज्योति संघ स्थापनाकालदेखि नै आँखा उपचारको सेवा दिँदै आएको उनले बताए । अहिले नेपाल नेत्रज्योति संघअन्तर्गत देशभरमा २८ वटा अस्पताल र १६० भन्दा बढी आँखा उपचार केन्द्र रहेको उनले जानकारी दिए । ती अस्पताल र आँखा उपचार केन्द्रमार्फत समुदायमा गएर आँखा उपचार सेवा दिँदै आएको उनले बताए ।

नेपालमा आँखा रोग विशेषज्ञको संख्या राम्रो उत्पादन भएको भन्दै प्रा.डा. दुलालले भारतमा भन्दा नेपालमा नेत्ररोग विशेषज्ञ संख्या राम्रो रहेको बताए । उनले भने, 'नेपालमा एक लाख जनसंख्यामा एक जनाभन्दा बढी अर्थात् एक लाख जनसंख्यामा १.२ डाक्टरको अनुपात (रेसियो) छ । भारतमा एक लाख जनसंख्यालाई एक जना नेत्ररोग विशेषज्ञको मात्र व्यवस्था छ ।'

अन्धोपनको प्रमुख कारण मोतियाबिन्दु भएको भन्दै प्रा.डा. दुलालले भने, 'मोतियाबिन्दु हामीले नेपालभरिमा शल्यक्रिया गऱ्यौं भने अब सिद्धियो भन्ने हुँदैन । अर्को वर्ष नयाँ मोतियाबिन्दुका बिरामी भेटिन्छन् ।' सहर र आसपासमा हुनेहरू अलिअलि मोतियाबिन्दु हुँदा नै उपचार पहुँचमा हुने भन्दै उनले भने, 'जो मानिस ग्रामीण इलाका छन् । उनीहरूको आँखा एकदमै कमजोर हुँदा पनि उपचारका लागि जान सक्दैन ।' अन्धोपन निवारणका लागिराज्यले नै स्वामित्व लिनुपर्ने बताउँदै प्रा.डा. दुलालले सरकारले सहजीकरण गरिदिनुपर्नेमा जोड दिए ।

उनले भने, 'अस्पताल खोल्न चाहनेलाई प्रोत्साह गर्नुपर्छ । सरकारी नीतिनियम असहज छन्, तिनीहरूलाई सहज बनाइदिनुपर्छ ।' अस्पतालले पनि समुदायमा जाने काम गर्नुपर्नेमा उनले जोड दिए ।

नेपाल नेत्रज्योति संघका महासचिव भरतबहादुर चन्दले ग्रामीण क्षेत्रमा शिविरमार्फत आँखा उपचार सेवा दिँदै आएको बताए । आँखाका बिरामी गाउँमा धेरै रहेका स्वीकार गर्दै उनले सबै पालिकामा आँखा उपचार केन्द्र वा अस्पताल सञ्चालनका लागि संघले काम गरिरहेको बताए ।

संघले मात्रै वर्षमा ४० लाख बिरामीलाई सेवा दिएको उनी बताउँछन् । गत वर्ष ती बिरामीमध्ये दुई लाख ७५ हजारको शल्यक्रिया गरिएको थियो । हरेक वर्ष ग्रामीण क्षेत्रमा पुगेर तीन हजार बढी शिविर गर्ने गरिएको उनले बताए । *रासस*

## मोटरसाइकल हराएको सूचना

मिति २०८०/०६/१९ गते ललितपुरको लभु चसिडोलबाट दिउसो ३:३० बजे बाटोमा पार्किङ गरिराखेको अवस्थामा २२० पल्सर ABS कालो, निलो रंगको मोटरसाइकल हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

**धनीको नाम : राशीधर गिरी**
**बाइक नं.: बा.प्र.०२-०३९प ९६६२**
**च्यासिस नं.: MD2A13EX6MCJ 99403**
**इन्जिन नं. : DKXCMJ 33751**
**ठेगाना: सामाखुसी, काठमाडौं**
**सम्पर्क: ९८४१२०३१६६, ९८५१०८३९६५**

## मोटरसाइकल हराएको सूचना

मिति २०८०/०६/१९ गते ललितपुरको लभु चसिडोलबाट दिउसो ३:३० बजे बाटोमा पार्किङ गरिराखेको अवस्थामा २२० पल्सर ABS कालो, निलो रंगको मोटरसाइकल हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

**धनीको नाम : राशीधर गिरी**
**बाइक नं.: बा.प्र.०२-०३९प ९६६२**
**च्यासिस नं.: MD2A13EX6MCJ 99403**
**इन्जिन नं. : DKXCMJ 33751**
**ठेगाना: सामाखुसी, काठमाडौं**
**सम्पर्क: ९८४१२०३१६६, ९८५१०८३९६५**

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०६/२६ गते)

बिर सिंह राईको नाती, सोम बहादुर राईको छोरा, ओखलढुंगा जिल्ला मानेभञ्ज्याङ गाउं पालिका वंडा नं ०६, बस्ने श्री देव कुमार राईको मिति २०८०/०५/१० गते मा मुत्यु भएकोले निजको नाममा यस बैंक शाखामा रहेको बचत खाता नं. ०३२००१८११२६००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाउँ भनि निज खातावालको श्रीमती धुम्री मायां राईले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदको बाहेक अन्य कसैको हकदावी भए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र अग्राधिकारवाला हकदारहरुले सबुत प्रमाण सहित दाबी गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ । म्याद भित्र प्राप्त नभएको र रित नपुगेको दरखास्त उपर कुनै कारबाही नहुने व्यहोरा यसै सुचना द्वारा जानकारी गराइन्छ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय ओखलढुंगा फोन नं. ०३७-५२०६२६**

## वार्षिक आय व्यय विवरण प्रकाशित गरिएको सूचना

यस बहुजन समाज पार्टी नेपालको आर्थिक वर्ष २०७८/०७९ को बार्षिक आय व्यय विवरण अडिट भैसकेको र सो अनुसार आर्थिक वर्ष २०७८/०७९ मा रु.१,००,०००/- (अक्षरुपी: एक लाख मात्र) भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

चुनाव चिन्ह
**बहुजन समाज पार्टी नेपाल**
बागडोल-४, ललितपुर

लोक सेवा आयोगलाई राष्ट्रपतिको सुझाव

# विश्वसनीयता अभिवृद्धिका लागि मिहिनेत गरौं

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** राष्ट्रपति रामचन्द्र पौडेलले सार्वजनिक प्रशासनलाई स्वच्छ, मर्यादित, पारदर्शी, समावेशी र जनउत्तरदायी बनाउन लोक सेवा आयोग सफल हुने विश्वास व्यक्त गरेका छन् ।

राष्ट्रपति कार्यालय शीतलनिवासमा बिहीबार आयोजित विशेष समारोहमा आयोगको आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन बुझ्दै उनले योग्यता प्रणालीको संरक्षकका रूपमा रहेको आयोगको विश्वसनीयतामा अभिवृद्धिका लागि मिहेनत गर्न सुझाव दिए ।

नेपालको संविधानले निजामती सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनोट गर्ने गहन जिम्मेवारी आयोगलाई दिएको उल्लेख गर्दै राष्ट्रपति पौडेलले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल एवं संघीय सरकारी सेवा र संगठित संस्थाको पदमासमेत पदपूर्तिका लागि लिखित परीक्षा स्वयं आयोगले नै गर्नेगरी कार्य क्षेत्रमा व्यापक विस्तार भएको बताए ।

नेपाली जनताको आस्था र विश्वासको धरोहरका रूपमा रहेको संवैधानिक निकाय लोक सेवा आयोगले गरेको कार्य सराहनीय रहेको जनाउँदै उनले आगामी दिनमासमेत आफ्नो क्षमता अभिवृद्धि गरी अझ प्रभावकारीरूपमा कार्यसम्पादन योग्य, सक्षम र दक्ष जनशक्ति छनोट गर्दै जाने विश्वास व्यक्त गरे । कामकारबाहीलाई जनमुखी र पारदर्शी बनाउन तथा उम्मेदवारको सहभागितामा वृद्धि गर्न आयोगले गरेको कामबाट आफूलाई खुसी लागेको उल्लेख गर्दै राष्ट्रपति पौडेलले आयोगको छवि सधैं स्वच्छ र निश्चल रहोस् भन्ने कामना गरे ।

समारोहमा आयोगका अध्यक्ष माधव रेग्मीले संविधानले प्रदान गरेको भूमिकालाई निष्पक्षता, वस्तुनिष्ठता र विश्वसनीयता प्रवर्द्धन हुनेगरी कामकारबाही अगाडि बढाइएको बताए । योग्यता प्रणालीलाई राज्यका रहेक तहमा संस्थागत, प्रवर्द्धन एवं सम्वर्द्धन गर्ने कार्यमा आयोगले नेतृत्वदायी ढंगले समन्वयात्मक प्रयत्न जारी राखेको उनको भनाइ छ । अध्यक्ष रेग्मीले आयोगको गरिमालाई अझ सुदृढ बनाउने, परम्परागत परीक्षा र परीक्षण विधिमा सुधार ल्याउने, विश्वनसनीयता बढाउने र गुणस्तरको खोजी गर्ने काममा आयोग योजनाबद्ध ढंगले अगाडि बढिरहेको बताए ।

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BRUNETTE SWEETS & PASTRIES CO.

पूर्व स्वीकृति मिति : २०८०/०६/०८ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/२५ LT. No. 293025 चलानी नं.६०२०८१८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 4 | 0 | 150 | ६४,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Salesperson | 4 | 0 | 130 | ५५,९३० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० कार्तिक ३ गते (20th Oct. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL
Govt. License No. 1352/074/075

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SRI LARA JOINT SECURITY SERVICES SDN.BHD.

पूर्व स्वीकृति मिति : २०७९/१२/२० LT. No. 283904 चलानी नं. ६०२०९०७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 40 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० कार्तिक ३ गते (20th Oct. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**NABIL OVERSEAS PVT LTD.** श्रम ईजाजत नं. ३५९/०५९/०६०
Old Baneshwor Ktm, Nepal, Tel: +977-1-4479617/4472474, Fax : +977-1 -4466023

## कुमारी बैंक लिमिटेड काठमाडौंको नाममा रहेको गैह्र बैंकिङ्ग सम्पत्ति (घर/जग्गा) पुन: लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०६/२६ गते प्रभाव दैनिक)

यस कुमाारी बैंक लिमिटेडको नाममा मालपोत कार्यालय मोरङ्गमा दर्ता कायम रहेको तपसिलमा उल्लिखित गैह्र बैंकिङ्ग सम्पत्ति (घर/जग्गा) जहां जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा लिलाम बिक्री गर्न यो ७ दिने गोप्य शिलबन्दी बोलपत्रको सुचना प्रकाशित गरीएको छ । उक्त गैह्र बैंकिङ्ग सम्पत्ति खरिद गरि लिन ईच्छुक महानुभावहरुले देहायका शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिनहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. कुमारी बैंक लि.को नाममा मालपोत कार्यालय मोरङ्गमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, बखरी गा.वि.स. वडा नं.७/७ क स्थित कित्ता नं. ३७४४ र ३७४५ को क्षेत्रफल क्रमश: ०-०-१८-२ र ०-१-०-० (बि.क.धु.क) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

**शर्तबन्देजहरु:**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात मिति २०८० कात्तिक ०२ गते** सम्म कुमारी बैंक लि.को केन्द्रिय कार्यालय अर्न्तगतको कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम यस बैंकको केन्द्रिय कार्यालय अर्न्तगतको कर्जा असुली विभाग बागबजार, काठमाण्डौबाट रु ५००/तिरी प्राप्त गर्न सकिने छ । सो बोलपत्रमा उल्लिखित शर्तहरु समेत यसै सूचनाकै अभिन्न अंग मानिने छ ।
३. बोलपत्रमा आफुले सकार गरि लिन चाहेको गैर बैंकिङ्ग सम्पत्ति के कति रकममा सकार गरि लिन चाहेको हो स्पष्ट रुपमा अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ । बोलपत्र पेश गर्दा आफुले कबुल गरेको रकमको १०(दश) प्रतिशतले हुन आउने रकम धरौटि बापत यस बैंकमा जम्मा गरि सोको भौचर, यस बैंकको नाममा खिचिएको बैंक गुड फर पेमेन्ट (Good For Payment) चेक बोलपत्रको साथमा संलग्न गरेको हुनु पर्ने छ । सो बाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन साथै धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. उक्त घर/जग्गा व्यक्ति वा संस्था एक्लैले वा संयुक्त रुपमा पनि खरिद गर्न सक्ने गरि बोलपत्र पेश गर्न सकिने छ । व्यक्तिको हकमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र संस्थाको हकमा दर्ता प्रमाणपत्र र स्थायी लेखा नम्बरको प्रतिलिपी पेश गर्नु पर्ने छ ।
५. यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात **मिति २०८० कात्तिक ०३ गते शुक्रबार दिनको १२:०० बजे** बोलपत्रदाता वा निजको प्रतिनिधि र अन्य प्रतिनिधिहरुको रोहवर बैंकको केन्द्रिय कार्यालय अर्न्तगतको कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा बोलपत्र खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिले मात्र बोलपत्र खोल्न बाधा पुगेको मानिने छैन ।
६. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक बिदा परेमा सोको भोलिपल्ट अर्थात बैंक खुलेको दिन सोहि समय भित्र बोलपत्र बुझाउन/खोल्न सकिने छ ।
७. म्याद नाघि वा रित नपुगी आएको तथा शर्त राखि दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
८. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले ७ दिन भित्र बोलकबोल गरेको धरौटी बाहेकको बांकी रकम रकम यस बैंकमा जम्मा गर्नु पर्नेछ, अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुने छ ।
९. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक कबुल गर्नेलाई समेत बोलपत्र आंशिक वा पूर्ण रुपमा स्वीकार गर्ने वा नगर्ने वा पुन: थप निगोशियसन गर्ने वा लिलाम प्रकृया नै रद्द गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
१०. लिलाम गरिएको सम्पत्ति दाखिल खारेज गर्न सम्बन्धित निकाय अड्डा आदिमा लाग्ने सबै प्रकारका कर, राजश्व, दस्तुर आदि सम्पूर्ण दायित्व बोलपत्रदाताले ब्यहोर्नु पर्नेछ ।
११. अन्य थप जानकारी चाहिएमा बैंकको केन्द्रिय कार्यालय अर्न्तगतको कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा सम्पर्क गर्न सकिनेछ ।

**बोलपत्र खोलिने मिति २०८० कात्तिक ०३ गते शुक्रबार मध्यान्ह १२:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**केन्द्रिय कार्यालय अर्न्तगतको कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-४२४७०९२**

**भोक्राहा नरसिंह गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
चिरौली, सुनसरी
कोशी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना

(प्रकाशित मिति: २०८०/०६/२६)

यस गाउँपालिकाबाट तपसिलको कार्यका लागि सौर्य राष्ट्रिय दैनिकमा मिति २०८०/०५/०८ गते प्रकाशित ई-बिड (E-Bid) बोलपत्र सूचना बमोजिम प्राप्त भएका सम्पूर्ण बोलपत्रहरु मध्ये तपसिलको सफल बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतिको लागि छनोट भई आएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा १ को प्रयोजनार्थ सम्पूर्ण सम्बन्धित सरोकारवालाहरुलाई जानकारीका लागि यो ७ दिने आशयको सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

तपसिल:

| सि. नं. | ठेक्का नं.– योजनाको नाम | बोलपत्र छनौट गरिएको फर्मको नाम र ठेगाना | कबोल अंक रकम (भ्याट र पि.एस. समेत) |
|---|---|---|---|
| 1. | BNRM/SUNSARI/GOODS/BORING/01/2080/2081-Supply of 4" BS-PVC Boring Pipe & Accessories | "Medi Enterprises" -Bhokraha Narsingh Rural Municipality, Sunsari | NPR 70,04,418.00 |

**प्रमुख प्रशासकीय अधिकृत**

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GRAND HOTEL KUWAIT

पूर्व स्वीकृति मिति : २०८०/०६/२५ LT. No. 293930 चलानी नं.६०२०९०६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 1 | 1 | 180 | ७७,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Commi Chef | 1 | 1 | 140 | ६०,०८५ | | | | | | | |
| 3 | Hk Attendant / Cleaner | 4 | 2 | 100 | ४२,९१५ | | | | | | | |
| 4 | Receptionist / Clerk | 1 | 1 | 150 | ७४,३७५ | | | | | | | |
| 5 | Reservation Supervisor | 2 | 0 | 150 | ७४,३७५ | | | | | | | |
| 6 | Steward / Kitchen Tool Cleaner | 6 | 0 | 100 | ४२,९१५ | | | | | | | |
| 7 | Waiter/waitress | 4 | 2 | 120 | ५१,५०० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० कार्तिक ३ गते (20th Oct. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०१/०५९/०६०
**Supreme Overseas Pvt. Ltd.**
Koteshwor-32, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np

## जापानमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHIGA ASSOCIATION OF GERIATRIC HEALTH SERVICES FACILITIES

पूर्व स्वीकृति मिति २०८०/०६/२५ LT. No.293562 चलानी नं. ६०२०९०७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Care Giver | 0 | 1 | 1,58,700 | १,४१,३६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SHIGA ASSOCIATION OF GERIATRIC HEALTH SERVICES FACILITIES

पूर्व स्वीकृति मिति २०८०/०६/२५ LT. No.293585 चलानी नं. ६०२०९०७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Care Giver | 0 | 5 | 1,50,655 | १,३४,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : TECHTAS BUSINESS COOPERATIVE ASSOCIATION

पूर्व स्वीकृति मिति २०८०/०६/२१ LT. No.293561 चलानी नं. ६०२०९०७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Crop farming | 2 | 0 | 1,68,000 | १,४९,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० कार्तिक ३ गते (20th Oct. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** ४०,०००/-

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।

१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः जम्मा रू. ३५,०००/- (पैतिस हजार) मात्र ।
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

ROI
Govt. License 539/061/062
**Richhood Overseas Inc. Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4382899, 4982899 Phone No: 9808133720, 9845473766,
Email: richhood@wlink.com.np Website: www.richhoodoverseas.com

# प्रभाव दैनिक

शुक्रबार, २६ असोज २०८० (Friday, October 13, 2023)


## रूपशाला

### कस्तुप पन्तको नयाँ गीत 'कसो गरम म'

'म त धेरै पटक मरेर बाँचेको मान्छे' यस्ता धारणा मनिसले त्यतिबेला राख्छन्, जतिबेला आसा मारिएको जिन्दगी पुनर्जीवित बन्छ । यस्तै पीडादायक भावना टपक्कै टिपेर गायक तथा सर्जक कस्तुप पन्तले नयाँ गीत 'कसो गरम म' ल्याएका छन् । पन्तकै लय तथा शब्द रहेको गीतमा गायक विमलराज क्षेत्री र सुनिता बुढा क्षेत्रीको स्वर रहेको छ । गीतको संगीत संयोजन रमेश सेन्चुरीले गरेका छन् । गीतको भिडियोमा सर्जका पन्तको अलवा जुना गुरूङ, यशु भट्टराई र अशोक पौडेल लगायतका कलाकारको अभिनय छ । कुमार केसीको निर्देशन रहेको भिडियो अजय रेग्मीले छायांकन गरेका हुन्, भने सम्पादन अमृत चापागाईंको छ ।




# दोस्रो 'स्पेस एण्ड डिजाइन एक्स्पो' सुरु



■ प्रभाव संवाददाता

**काठमाडौं** – दोस्रो 'स्पेस एण्ड डिजाइन एक्स्पो २०२३' सुरु भएको छ । ललितपुरको पुल्चोकस्थित लबिम मलमा आयोजित एक्स्पोको बिहिबार एक कार्यक्रमकाबीच ललितपुर महानगरपालिकाका मेयर चिरीबाबु महर्जन, पुर्व मन्त्री भिमसेनदाश प्रधानले उद्घाटन गरे ।

आईआईएफटी स्कुल अफ फेसन एण्ड इन्टेरियर डिजाइनको आयोजना रहेको एक्स्पो बिहिबार र शुक्रबार गरेर दुई दिन चल्नेछ । प्रदर्शनिमा आईआईएफटी स्कुल अफ फेसन एण्ड इन्टेरियर डिजाइनमा अध्यायनरत ८० विद्यार्थीका इन्टरियर सम्बन्धि बिभिन्न सिर्जना प्रदर्शनमा राखिएका छन् ।

'एक्स्पोमा दुई प्रकारको प्रदर्शनि भएको छ । ति मध्य एउटा अध्यायन गरेर ६ महिना मात्र भएका बिदार्थीको बिभिन्न फरक फरक क्याफे डिजाइनहरू छन्', आयोजक आईआईएफटीकी कार्यकारी निर्देशक बिपना थापाले भनिन् 'अर्को ग्राजुयट भएका बिद्यार्थीको थेसिस भनेर राखिएको छ । थेसिस भएकाहरूको बिभिन्न फरक प्रोजेट बनाएका छन् ।' थेसिस बिद्यार्थी कसैको बुटिक, कसैको रिसोर्ट, कसैको अफिस लगायत रहेको थापाले जानकारी दिइन् ।

प्रदर्शनमा राखिएको सबै प्रदर्शनीबीच समेत प्रतिस्पर्धा हुने र निर्णायकको निर्णयको आधारमा प्रथम, दोस्रो र तेस्रो रूपमा पुस्कृति हुनेछन् । मेयर चिरीबाबु महर्जनले सबै प्रदर्शनी अवलोक गरेर त्यसको बारेमा जानकारी समेत लिएका छन् ।

कार्यक्रममा मेयर चिरीबाबु महर्जनले प्रदर्शनीको कन्सेफ आफुलाई निकै मनपरेको बताए । 'मलाई नयाँ नौलो काम सधै मनपर्छ । यो प्रदर्शनी पनि एकदमै नौलो काम हो', महर्जनले भने 'नौलो काम भएकोले म हौसला बढाउन आएको हो । मेरो तर्फबाट गर्नुपर्ने सबै सहयोग गर्न तयार छु ।' मेयर महर्जनले यस्ता प्रदर्शनी लतिपुरको अन्य स्थानमा पनि आयोजना गर्न र आवश्यक परेको सहयोग गर्न आफु तयार रहेको धारणा राखे ।

'मैले प्रदर्शनी सबै हेरे, म एकदमै इम्प्रेस भए', महर्जनले थपे 'यो काठमाडौं, ललितपुर र भत्तपुर सबैतिर गर्नुपर्छ । त्यसका लागि के गर्न पर्छ म सहयोग गर्छु ।' उनले राम्रो प्रदर्शनीका लागि ललिपुर छानेकोमा आयोजकलाई धन्यवाद समेत दिए ।

बर्जर पेन्टस् र प्राईम टाइलको मुख्य प्रायोजन रहेको प्रदर्शनीमा मेयर महर्जनले ग्राजुयट बिद्यार्थीलाई सर्टिफिकेट समेत प्रदान गरे । कार्यक्रममा पुर्व मन्त्री भिमसेनदाश प्रधान, फेसन कोरियोग्राफर रोजिक शाक्य, चलचित्र पत्रकार संघका उपाध्यक्ष कुबेर गिरी, बरिष्ठ रंग पत्रकार तथा गीतकार डब्बु क्षेत्री लगायतको उपस्थिती रहेको थियो ।

आईआईएफटी स्कुल अफ फेसन एण्ड इन्टेरियर डिजाइन विगत एक दशकदेखि फेसन तथा इन्टेरियर डिजाइन सम्बन्धी अध्ययन गराउँदै आएको कलेज हो । आईआईएफटीले आफ्नो विद्यार्थीका सिर्जना आम जनमानसमा परिचित गराउने उद्देश्यले यो कार्यक्रम गर्दै आएको हो । फेसन डिजाइनमा १४ महिना र इन्टेरियर डिजाइनमा १५ महिनाको कोर्ष प्रदान गर्दै आएको आईआईएफटीका शाखाहरू काठमाडौँको हेरिटेज प्लाजा, बागबजारको बागबजार प्लाजा र ललितपुरको कुमारीपाटीमा छ ।

नेपालकै ठुलो फेसन र इन्टेरियर अध्यापन संस्थाको रूपमा परिचित आईआईएफटीले आफ्नो अध्यापन गर्ने विद्यार्थीका लागि सिर्जना प्रस्तुत गर्न विभिन्न फेसन शो, 'स्पेस एण्ड डिजाइन एक्स्पो' लगायत कार्यक्रम आयोजना गर्दै आएको छ ।

# 'द डान्स योद्धा'को घोषणा



■ प्रभाव संवाददाता

**काठमाडौं** – टेलिभिजन रियालिटी शो द डान्स योद्धा : ब्याटल अफ मुभ्सको घोषणा गरिएको छ । तीन चरणमा विभाजन गरिएको शोको बिहीबार राजधानीमा आयोजित एक कार्यक्रमका बीच औपचारिक घोषणा गरिएको हो ।

शुभम् भुजेलले यो शोको निर्देशन गरिरहेका छन् । निर्देशक भुजेलका अनुसार अहिले शोको पहिलो चरणको काम डिजिटल अडिसन लिने काम भैरहेको छ । मंसिर पहिलो हप्तापछि यो रियालिटी शोको सेमीफाइनल राउण्डको सुरुवात हुनेछ । यही राउण्डबाट शो टेलिभिजनमा समेत प्रसारण हुनेछ ।

अहिले विभिन्न टेलिभिजन च्यानलसँग कुरा भैरहेकाले कुन च्यानलबाट प्रसारण हुने पक्का भैसकेको छैन् । चाँडै टेलिभिजन च्यानल, डिजिटल पार्टनर र शोका विजेताले पाउँने पुरस्कार राशी घोषणा गरिने प्रोजेक्ट संयोजक मानव सिवाकोटीले बताए । यो रियालिटी शो नेपालमा बनिरहेका अन्य शोभन्दा भिन्न हुनेछ । यो शोको उद्देश्य नेपालमा रहेका कच्चा र प्रयोग नभएका अर्थात् लुकेका प्रतिभालाई प्रोहत्सान गर्ने रहेको निर्देशक भुजेलले बताए । साथै, अन्य शोहरू भोटिङका कारण निकै विवादित बनेकाले पनि आफुहरूले भोटिङ सिस्टम नै नराखेको बताए । विवादरहित शो बनाउनुका साथै जित्ने प्रतिभाले जितोस् भन्ने आफुहरूको उद्देश्य रहेको दाबी आयोजक संस्थाको छ ।

यो रियालिटी शोको निर्णायक मण्डलमा कोरियोग्राफर गम्भिर बिष्ट, अभिनेत्री वर्षा राउत र वाइल्ड रिपर्ज क्रिउका सुरेन राई रहेका छन् । निर्णायक मण्डलका संयोजक बिष्टले पहिलो पटक नेपालमा केही फरक अनि भोटिङ सिस्टम बिना नै विजेता घोषणा गर्नुपर्ने भएकाले निकै चुनौती रहेको बताए ।

अभिनेत्री राउतले आफु नृत्यका विषयमा धेरै कुरा सिक्दै र सिकाउँदै जाने भएकाले यो शोको निर्णायक बन्ने चुनौती स्विकार गरेको बताइन् । यस्तै, भारतीय टेलिभिजन रियालिटी शो डान्स प्लस सिजन २ का फर्स्टरनरअप समेत रहेकाले आफुले त्यहाँ सिकेका धेरै कुरा यो शोको निर्णायक हुँदा लागु गर्ने बताए ।

निष्पक्षताको लागि यो शोका निर्णायकले दिने सम्पुर्ण अंक डिजिटल बोर्डमा सार्वजनिक समेत गर्नेछ । शोको मापदण्ड विपरित अत्याधिक र न्युन अंक दिने निर्णायकलाई लाइभ शोमै स्पष्टिकरण सोधिने आयोजक संस्थाले जनाएको छ । साथै प्रतिस्पर्धीलाई गीत छनोटमा अत्याधिक स्वतन्त्रता दिइने बताइएको छ ।

## रंगशाला

### एसिसी प्रिमियर कप क्रिकेट

# कप्तान देवको विस्फोटक शतकसँगै इरानविरूद्ध नेपाल विजयी

■ प्रभाव संवाददाता



**काठमाडौं**– उन्नाइस वर्षमुनि एसिसी यू १९ प्रिमियर कप क्रिकेट प्रतियोगिताको पहिलो खेलमा नेपालले इरानलाई पराजित गरेको छ । मलेसियाको बान्गीमा बिहीबार भएको खेलमा नेपालले इरानलाई दुई सय ७४ रनले पराजित गरेको हो । जितका लागि तीन सय ५४ रनको विशाल लक्ष्य पछ्याएको इरान ३० दशमलव पाँच ओभरमा सबै विकेट गुमाउँदै ७९ रनमा समेटियो ।

इरानका लागि आमेर खोर्सन्दले ३७ रन बनाए । उनले २२ बलमा एक चौका र पाँच छक्कासहित ३७ रन बनाएका हुन् । साबेर इब्राहिमपुर ४३ बलमा एक चौकासहित ११ रनमा नटआउट रहे । त्यसबाहेक अन्य इरानी ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् ।

इरानलाई सस्तैमा समेट्नेक्रममा नेपालका दीपेश कँडेल र सुवास भण्डारीले समान तीन तीन विकेट लिए । त्यस्तै हेमन्त धामी र आकाश चन्दले समान दुई दुई विकेट झारे । त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको नेपालले ४० दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै तीनसय ५३ रनको योगफल बनाएको थियो । नेपालको इनिङमा कप्तान देव खनालले सतक प्रहार गरे भने दीपक बोहरा र दीपकप्रसाद डुम्रेले अर्धसतक बनाए ।

तेस्रो नम्बर क्रिजमा आएका कप्तान देवले ५०औं बल खेल्दै १२ चौका र चार छक्काको मद्दतमा एक सय रनको योगदान दिएका हुन् । त्यस्तै दीपक बोहराले ५९ बलमा ६५ रन बनाए । उनले चार चौका र दुई छक्का हिर्काएका थिए । पाँचौं नम्बर क्रिजमा पुगेका दीपक डुम्रेले ४४ बलमा ६९ रन बनाए । देव र दीपकले तेस्रो विकेटका लागि एक सय ६६ रनको साझेदारी गरेका थिए ।

यसैगरी दीपेश कँडेलले २९, हेमन्त धामीले २३, आकाश चन्दले १९ रन तथा सुभास भण्डारीले १८ रन जोडे । इरानका दद्रहमान राइसीले र सलमान निज्मान्दले समान तीन तीन विकेट लिए भने शेखी र जियाद राइसीले समान दुई दुई विकेट लिएका थिए । अब नेपालले दोस्रो खेल यही असोज २८ गते बहराइनसँग खेल्नेछ ।

प्रतियोगितामा शीर्ष तीन टोलीले पाकिस्तानमा आगामी डिसेम्बरमा हुने एसिया कप खेल्न पाउनेछन् । एसिसी प्रिमियर कप क्रिकेट प्रतियोगितामा एसियाका विभिन्न १६ एशोसिएट टोलीले प्रतिस्पर्धा गर्दैछन् । सो प्रतियोगितालाई विभिन्न चार समूहमा विभाजन गरिएको छ । समूह 'ए' मा नेपालसहित बहराइन, साउदी अरेविया र इरान छन् भने समूह 'बी' मा युएई, ओमान, कतार र चीन छन् । त्यसैगरी समूह 'सी' मा सिङ्गापुर, कुवेत, थाइल्यान्ड र माल्दिभ्स तथा समूह 'डी' मा हङकङ, मलेसिया जापान र इन्डोनोसिया छन् । प्रतियोगिताका शीर्ष तीन टोलीले आगामी डिसेम्बरमा पाकिस्तानमा हुने यू१९ एसिया कप खेल्न पाउनेछन् ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**कम्पनी खारेजी सूचना**

यस कार्यालयमा मिति २०७४/११/१६ मा दर्ता भएको प्रा.लि.नं. १८४८४६ को **मनोज हेल्थ केयर एण्ड डायग्नोष्टिक सेन्टर प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०५/१३को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३२ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**हक दावी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०५९/०५/२० मा दर्ता भएको प्रा.लि. नं. २९८२५१ **के.टी.एम स्मोक प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको लागि यो सूचना सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**कम्पनी अध्यावधिक, शेयर लगत तथा कम्पनीको नाम परिर्वतन गरिएको सूचना**

**प्रथमपटक प्रकाशित मिति : २०८०/०४/०५**

यस कम्पनीको मिति २०८०/०५/१० मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **ब्लिकं ग्लोबल एजुकेशन कन्सल्टेन्सी प्रा.लि**को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु सम्पूर्ण कर दायित्व आदि **कनेक्ट एजुकेशन कन्सल्टेन्सी प्रा.लि.** (नाम परिवर्तन) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०/०५/१९ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **कनेक्ट एजुकेशन कन्सल्टेन्सी प्रा.लि. (प्रा.लि.नं.२९५३५९)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

तेस्रो पटक प्रकाशित मिति २०८०/०६/२६

यस कम्पनीको मिति २०८०/०६/१७ मा सम्पन्न बिशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **गुरमेट बेकरी एण्ड क्याफे प्रा.लि. (प्रा.लि. नं. २८१३८४** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०६/२२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **बिमिरे एग्रो प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित मिति २०८०/०६/२५ गते)

श्री मान बहादुर तामाङको बुहारी, श्री साईला तामाङको श्रीमती बागमती प्रदेश काभ्रेपलान्चोक जिल्ला चौरीदेउराली गा.पा. वडा नं. ३ बस्ने राम्री तामाङको मिति २०८०/०४/१३ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको लोकन्थली शाखामा रहेको श्री राम्री तामाङको खाता नं २२३०२०३९७८२००००२/२२३०२०३९७८२००००४ मा रहेको मौज्दात रकम भुक्तानी पाऊँ भनी निज खातावालाको छोरी बिमला घिसिङले यस बैंकको लोकन्थली शाखामा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्रमा आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै कागज सहित यस बैंकको शाखा कार्यालय लोकन्थलीमा हकदावी गर्न आउनु होला । म्याद भित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय लोकन्थली, भक्तपुर फोन नं ०१–६६३६५२७

**HISAN INTERNATIONAL PVT. LTD.**
Maitidevi-29, Kathmandu. Tel: 015909028

**PRICE LIST** *(Effective from Date 2080/06/23)*

**HISTON SINGLE DOOR REFERIGERATOR**

| S.N | SIZE | MODEL | MRP |
|---|---|---|---|
| 1 | 100 Ltr | HISTON100HS | 18,770.70 |
| 2 | 170 Ltr | HISTON170PW/B | 22,502.45 |
| 3 | 195 Ltr | HISTON195BFW/B | 24,760.47 |
| 4 | 215 Ltr | HISTON215BFW/B | 26,794.96 |

**All prices are inclusive of VAT.*

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
**सडक डिभिजन साँफेबगर, अछाम**

**आर्थिक प्रस्ताव खोल्ने सुचना**

**प्रकाशित मिति : २०८०/०६/२६**

यस कार्यालयको मिति २०८०/०५/१० गते राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वानको सुचना नं ०२/०८०/८१ अनुसार दर्ता हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्तावहरु खोली सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५९, ६०, ६२ र ६३ बमोजिम परीक्षण गरी योग्यताको सबै आधारमा सफल हुने देहाय बमोजिमका सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाताहरुका आर्थिक प्रस्ताव तपसिलको स्थान, मिति र समयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावलिको दफा ३१ (ज) को उपदफा ५ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

| Contract No | Successful Bidders |
|---|---|
| RDSNF/337310133/079/80-40(RE_II) | M/S Nati Construction Pvt. Ltd., Lalitpur |
| RDSNF/337310133/079/80-41(RE_II) | M/S Nati-Shivalinga JV, Imadol-04, Lalitpur |
| **आर्थिक प्रस्ताव खोलिने मिति, समय र स्थानः २०८०/०७/०३ गते दिनको १.०० बजे, सडक डिभिजन साँफेबगर, अछाम** | |

**डिभिजन प्रमुख**

# किर्गिजस्तानको भ्रमणमा पुटिन



**बिस्केक (किर्गिजस्तान)–** रुसी राष्ट्रपति भ्लादिमिर पुटिन किर्गिजस्तान आइपुगेका छन् । गत मार्चमा अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिसी)ले उनविरुद्ध पक्राउ पुर्जी जारी गरेपछिको उनको यो पहिलो विदेश भ्रमण हो ।

युक्रेनी बालबालिकालाई देश निकाला गरेको अभियोगमा अदालतले पुटिनको खोजी गरिरहेको छ । आइसिसीका सदस्य राष्ट्रहरूमा राष्ट्रपति पुटिनले पाइला राखेको अवस्थामा ती देश उनलाई गिराफ्तार गर्न बाध्य हुने छन् । यद्यपि किर्गिजस्तानले आइसिसीको सदस्यता लिएको छैन ।

रुसी समाचार समितिहरू तास, इन्टरफचाक्स र रिया नोभोस्तीले बिहीबार बिहान पुटिन किर्गिजस्तान आइपुगेका बताएका छन् । स्वतन्त्र राष्ट्रहरूको राष्ट्रमण्डलको एक शिखर सम्मेलनमा भाग लिने सिलसिलामा राष्ट्रपति पुटिनले आफ्ना बेलारुसी सहयोगी अलेक्जेण्डर लुकासेन्को र अन्य क्षेत्रीय नेताहरूसँगै आफ्ना किर्गिज समकक्षी सादिर जापारोभसँग भेट गर्ने कार्यक्रम छ । सन् २०२२ फेब्रुअरीमा युक्रेनमा आक्रमण गरेपछि उनले सायदै रुस छाडेका छन् । गत डिसेम्बरमा बेलारुस र किर्गिजस्तानको आफ्नो अन्तिम विदेश भ्रमणसँगै यसै वर्ष राष्ट्रपति पुटिनले रुसले युक्रेनको कब्जा गरेको भागमा भ्रमण गरेको थिए ।

अब उनले उत्तर कोरियाका साथै चीनको भ्रमण गर्ने योजना बनाइरहेका छन् । मस्कोले पुटिनलाई विदेशमा पक्राउ गर्ने सम्भावनालाई युद्धसँग तुलना गर्दै पक्राउ पुर्जीलाई 'गैरकानुनी' को संज्ञा दिएको छ ।

यद्यपि व्यवहारतः रुसले यसमा सावधानी अपनाएको छ । अगस्ट महिनामा आइसिसी सदस्य मुलुक दक्षिण अफ्रिकामा भएको ब्रिक्स शिखर सम्मेलनमा भाग लिन रुसले पुटिनको सट्टा विदेशमन्त्री सर्गेई लाभरोभलाई पठाएको थियो ।

युक्रेनमाथि पूर्णस्तरको आक्रमणपछि पुटिनलाई पश्चिमी दुनियाँमा अवाञ्छित व्यक्ति बनाइदिएको छ । आइसिसीको उक्त निर्णयले पुटिनलाई संसारको ढोकाको ठूलो हिस्सा बन्द गरिदिएको छ ।

रोम विधानलाई १२३ मुलुकले अनुमोदन गरेका छन् । उक्त विधानलाई आइसिसीका सदस्यहरूले पालना गर्न आवश्यक छ । ब्रिक्स सम्मेलनको आयोजक राष्ट्र दक्षिण अफ्रिकाले सम्मेलनमा भाग लिन पुटिनलाई निम्तो दिएपछि आइसिसीको सदस्यका हिसाबले उसलाई कानुनी टाउको दुखाइको विषय बनेको थियो । यद्यपि अन्तिम क्षणमा मस्कोले पुटिनको बदलामा विदेशमन्त्रीलाई पठाएको थियो । *रासस/एएफपी*

## मोदी र पुटिनबीच यसै वर्ष शिखर वार्ता हुन सक्ने

**मस्को–** भारतीय प्रधानमन्त्री र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनबीच यो वर्ष सकिनुअगावै शिखर वार्ता हुनसक्ने रुसका लागि भारतीय राजदूतले बताएका छन् ।

'यस बारेमा छलफल भइरहेको छ, उच्चस्तरमा छलफलहरू जारी छन्,' राजदूत पवन कपुरको भनाइ उद्धृत गर्दै आरआइए नोभोस्ती समाचार समितिले जनाएको छ । यद्यपि भारतीय कूटनीतिज्ञले थप विवरण केही उल्लेख नगरेको पनि आरआइए नोभोस्तले बताएको छ ।

गत साता एक कार्यक्रममा रुसी राष्ट्रपति पुटिनले भारतलाई 'शक्तिशाली मुलुक' भन्दै भारतीय प्रधानमन्त्री मोदीको नेतृत्वमा लगातार बलियो बन्दै गएको बताएका थिए । 'एक अर्ब ५० करोडभन्दा बढी जनसंख्या भएको र सात प्रतिशतभन्दा बढी आर्थिक वृद्धि हासिल गरेको भारत एउटा शक्तिशाली मुलुक हो, साथै यो प्रधानमन्त्री मोदीको नेतृत्वमा लगातार बलियो बन्दै गएको छ,' आरटी न्युजले साझा गरेको भिडियोमा पुटिनले भनेका छन् । गत सेप्टेम्बर ९-१० मा नयाँ दिल्लीमा भएको जी-२० शिखर सम्मेलनमा रुसी राष्ट्रपति पुटिन सहभागी भएका थिएनन् । उक्त सम्मेलनमा विदेशमन्त्री सर्गेई लाभरोभले रुसी प्रतिनिधित्व गरेका थिए ।

पछिल्लोपटक सन् २०२२ सेप्टेम्बरमा उज्बेकिस्तानको समरकन्दमा भएको सांघाई सहयोग संगठनको २२औं बैठकका क्रममा मोदी र पुटिनबीच भेट भएको थियो । सो क्रममा प्रधानमन्त्री मोदीले 'मलाई थाहा छ आजको युग युद्धको होइन' भन्दै युक्रेनसँगको रुसको जारी द्वन्द्व अन्त्य गर्न राष्ट्रपति पुटिनलाई आग्रह गरेका थिए । *रासस/एएनआई*

## हमास र इजरायलसँग सम्पर्कमा रहेको रेडक्रसको भनाइ

**जेनेभा–** रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आइसिआरसी)ले गाजामा बन्धकहरूलाई रिहा गर्न हमास र इजरायलसँग सम्पर्कमा रहेको बिहीबार बताएको छ । गत शनिबार इजरायलमाथि हमासको अप्रत्याशित आक्रमणपछि सैनिक, सर्वसाधारण, बालबालिका र महिलासहित कम्तीमा १५० इजरायली र विदेशीलाई गाजापट्टीमा बन्धक बनाइएको छ ।

'तटस्थ मध्यस्थकर्ताका रूपमा मानवीय भ्रमणहरू गर्न, बन्धक र परिवारका सदस्यबीच सञ्चार सम्पर्क सुविधा उपलब्ध गराउन र कुनै पनि अन्तिम रिहाइका लागि हामी तयार छौं,' निकट र मध्यपूर्वका लागि आइसिआरसीका क्षेत्रीय निर्देशक फाब्रिजियो कारबोनीले एक विज्ञप्तिमा भने ।

अन्तर्राष्ट्रिय मानवीय कानुनबमोजिम बन्धक बनाउन निषेध गरिएको भन्दै कारबोनीले कसैलाई पक्राउ गरेको भए तुरुन्तै रिहा गर्नुपर्ने बताए । आइसिआरसीले दुवै पक्षलाई नागरिकहरूको पीडा गर्न आग्रह गरेको छ । शनिबार हमासले गरेको आक्रमणको प्रत्युत्तरमा इजरायलले गाजामा लगातार आक्रमण गरेको छ र पानी, बिजुली र इन्धनको आपूर्ति बन्द गर्दै २० लाख जनसंख्या भएको गरिब क्षेत्रमा पूर्णतः घेराबन्दी गरेको छ ।

हमासले इजरायली आक्रमणमा चार जना बन्धक मारिएको बताएको छ । साथै उसले विनाचेतावनीपूर्व नागरिकहरूमा लक्ष्य बनाएमा अरुलाई मार्ने चेतावनी दिएको छ । टर्कीका राष्ट्रपति रेसेप तयचप एर्दोगानले पनि बन्धकहरूको रिहाइका लागि हमाससँग वार्ता सुरु गरेको बुधबार सरकारी स्रोतले एएफपीलाई बताएको छ । शनिबारदेखि जारी युद्धमा दुवै पक्षका गरी हजारौंको ज्यान गएको छ । *रासस/एएफपी*

## भारतमा रेल दुर्घटना चारको मृत्यु, कयौं घाइते

**नयाँदिल्ली–** भारतको पूर्वी राज्य बिहारमा यात्रुवाहक रेल दुर्घटना हुँदा कम्तीमा चार जनाको मृत्यु हनुका साथै कयौं घाइते भएको अधिकारीहरूले बिहीबार बताएका छन् । बिहारको राजधानी पटनादेखि ९६ किलोमिटर पश्चिममा रहेको बक्सर जिल्लाको रघुनाथ रेल्वे स्टेसनमा बुधबार राति दुर्घटना भएको हो ।

स्थानीय सञ्चारमाध्यमहरूले अधिकारीहरूलाई उद्धृत गर्दै दिल्लीबाट आसामको गुवाहाटी जाँदै गरेको उक्त रेल दुर्घटनामा ८० जनाभन्दा बढी घाइते भएको बताएका छन् । दुर्घटनाको कारण भने अझै पनि थाहा हुन नसकेको अधिकारीहरूले बताएका छन् ।

रेल दुर्घटनाले भएको अपूरणीय क्षतिप्रति समवेदना प्रकट गर्दै संघीय रेलमन्त्री अश्विनी वैष्णवले दुर्घटनाको कारण पत्ता लगाइने बताए । उनका अनुसार दुर्घटनाको भारतीय अनुसन्धान एजेन्सी कन्द्रीय अनुसन्धान ब्युरोले जाँचसमेत गरिहेको छ । यसै वर्षको जुनमा भारतको उडिसामा इतिहासकै ठूलो रेल दुर्घटना हुँदा २९५ यात्रुको मृत्यु भएको थियो । *रासस/सिन्ह्वा*


### MAURITIUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी : SIMLA SUPERMARKET CO LTD.

पूर्व स्वीकृति मिति २०८०/०६/२३ LT. No. : 293886 चलानी नं. ६०२०८८५९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing Machine Operators | 20 | 0 | 15000 | ४५,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SIMLA TRIOLET LTD

पूर्व स्वीकृति मिति २०८०/०६/२५ LT. No. : 293957 चलानी नं.६०२०९०६९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cold Room Operator | 10 | 0 | 15000 | ४५,१६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Packing Operator | 10 | 0 | 15000 | ४५,१६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक ३ गते (20th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**The Center Overseas Concern Pvt.Ltd** श्रम ईजाजत नं. ०८५/०५३/०५४

Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Mob: 9861045857



### साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TARTINE CONFECTIONERY CORPORATION

पुर्व स्वीकृति मिति २०८०/०२/१७ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/२५ LT. No. 287008 चलानी नं. ६०१९२३७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 3 | 0 | 1200 | ४२,५०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 5 | 0 | 1200 | ४२,५०० | | | | | | | |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

कम्पनी : SAHAM LEASING ESTABLISHMENT

पुर्व स्वीकृति मिति २०७९/०८/२० पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/२५ LT. No. 277265 चलानी नं. ६०१९२८२२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Driver | 1 | 0 | 1800 | ६३,७५० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Labor | 1 | 0 | 1200 | ४२,५०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक ३ गते (20th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Kapeel Manpower Pvt. Ltd.** श्रम ईजाजत नं. १८५/०५७/०५८

P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np



### साउदी अरेबियामा रोजगारको अवसर

कम्पनी: SAFARI COMPANY

पूर्व स्वीकृति मिति २०८०/०४/३० पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/२५ LT. No.291009 चलानी नं. ६०२०६२११

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office And Facilities Cleaning Worker | 27 | 0 | 1000 | ३५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक ३ गते (20th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Nasser Outsourcing Consultants Pvt. Ltd.** श्रम ईजाजत नं. ६१९/०६३/०६४

Ratopool-9, Kathmandu, nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,
Email: nocnepal@nassers.org



### मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SIN SENG HUAT SEEDS SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०४/२१ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०६/२५ LT. No. 290443 चलानी नं. ६०२०९०७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Goods Transportation Worker | 10 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : IOT MANUFACTURING SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/१२/१७ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०६/२५ LT. No. 283670 चलानी नं. ६०२०९०७५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Workers | 200 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : IOT MANUFACTURING SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१२/२४ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०६/२५ LT. No. 284061 चलानी नं. ६०१९९६१४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 15 | 35 | 1500 | ४४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक ३ गते (20th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.** Govt. License 1342/074/75

Samakhushi -26, Kathmandu, Nepal, Tel: 01-4959026, 4963094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np



### युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : UNITED SECURITY GROUP

पूर्व स्वीकृति मिति २०८०/०६/१८ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/२५ LT. No. 293589 चलानी नं. ६०२०८७३०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 25 | 2000 | ७२,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक ३ गते (20th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Global Recruitment Group Pvt.Ltd.**
(BASNET AND GROUP HUMAN RESOURCE PVT LTD)
License No. : 1535/078/079
Tokha-10, Samakhusi, Kathmandu, Head Office Contact: 01-5910484
Email : doc@grgnepal.com.np



### साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ANSAB GENERAL CONTRACTING CO.

पूर्व स्वीकृति मिति : २०८०/०२/१२ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/२५ LT. No. 286704 चलानी नं. ६०२०२०२८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction workers | 1 | 0 | 1000 | ३५,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक ३ गते (20th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Career International Services (P.) Ltd.** License No. : 646/063/064

धुम्वाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३
Email : info@career-intl.com, Website : www.career-intl.com



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मल: स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – १०९५०० | प्रति तोला – १०९००० | प्रति तोला – १३५० |

## नेप्सेमा लगातार गिरावट

### २०.१६ अंकले घट्दा, पौने २ अर्बको कारोबार




**काठमाडौं (प्रस)–** कारोबारको अन्तिम दिन बिहीबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक दोहोरो अंकले घटेको छ। नेप्से परिसूचक २० दशमलव १६ अंकले घटेर एक हजार आठ सय ७४ दशमलव ६० को विन्दुमा कायम भएको हो।

दुई सय ९२ कम्पनीको ७५ लाख ५८ हजार पाँच सय ४२ कित्ता सेयर ६२ हजार ४६ पटक खरिदबिक्री हुँदा रू एक अर्ब ७० करोड एक लाख २९ हजार आठ सय १५ बराबरको कारोबार भएको छ। कारोबार पछि कूल बजार पुँजीकरण रू २८ खर्ब ७२ अर्ब नौ करोड ९७ लाख ५७ हजार चार सय ९३ कायम भएको छ।

म्युचुअल फन्ड समूहको उपसूचक शून्य दशमलव १६ प्रतिशतले बढ्दा अरु सबै समूहको उपसूचक घटेको छ। सबैभन्दा धेरै होटल तथा पर्यटन समूहको उपसूचक तीन प्रतिशत, निर्जीवन बीमा समूह एक दशमलव ५२ प्रतिशत र जलविद्युत् समूहको उपसूचक एक दशमलव ५९ प्रतिशतले घटेको छ।

कारोबारमा २३ कम्पनीको मात्रै सेयर मूल्य बढेको छ। जसमध्ये दुई कम्पनीको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। भगवती हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड र मध्य सोलु हाइड्रोपावर लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको हो। सबैभन्दा धेरै मूल्य घट्नेमा भने सिटी होटल लिमिटेडको सेयर मूल्य नौ दशमलव ०९ प्रतिशतले घटेको हो।

कारोबार रकम र कारोबार भएका सेयर संख्याका आधारमा आज सबैभन्दा धेरै लक्ष्मी सनराइज बैंक लिमिटेड प्रमोटर सेयर रू १६ करोड ३८ लाख ४८ हजार चार सय बराबरको १६ लाख ३८ हजार चार सय ८४ कित्ता सेयर किनबेच भएको छ।

## अर्थतन्त्र सुधारका लागि उच्चस्तरीय संयन्त्र बनाउन सरकार तयार छ : प्रधानमन्त्री

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले अहिले मुलुकको अर्थतन्त्रमा देखिएका समस्या समाधानका लागि उच्चस्तरीय संयन्त्र बनाउन सरकार तयार रहेको बताएका छन्। नेपाल उद्योग वाणिज्य महासङ्घले राजधानीमा आयोजना गरेको 'राष्ट्रिय आर्थिक बहस' कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले निजी क्षेत्रले प्रस्ताव गरेको उच्चस्तरीय संयन्त्र बनाउन सरकार तयार रहेको बताएका हुन्।

'अर्थतन्त्र सुधारका लागि सबै क्षेत्र एक ठाउँमा हुने र केन्द्रीकृत अभिव्यक्ति आवश्यक छ। आर्थिक सुधारको नयाँ आयाम सुरु गर्नका लागि सुझाव र मार्गदर्शन आवश्यक पर्ने भएकाले त्यस्तो संयन्त्र चाहिएको छ', प्रधानमन्त्री दाहालले भने, 'सुधारको प्रयास यही विन्दुबाट सुरु हुन सक्दछ। आर्थिक गतिविधि अगाडि बढ्न सक्छन्। निजी क्षेत्रले प्रस्ताव गरेको यस्तो उच्चस्तरीय संयन्त्र बनाउन सरकार तयार छ।' नेपाल उद्योग वाणिज्य महासङ्घद्वारा आयोजित सो राष्ट्रिय बहस कार्यक्रममा अध्यक्ष चन्द्रप्रसाद ढकालले सो संयन्त्र निर्माणको प्रस्ताव गरेका थिए। त्यसपछि कार्यक्रमलाई सम्बोधन गरेका प्रधानमन्त्रीले सो संयन्त्र गठनमा सहमति जनाएका हुन्।

अर्थतन्त्र सुधारका लागि सरकारले कुनै साहसिक निर्णय (बोल्ड डिसिजन) लिन लागेको बताउँदै प्रधानमन्त्री दाहालले सामान्य शल्यक्रिया (माइनर अपरेसन) बाट मात्र मुलुकको समग्र आर्थिक अवस्थामा सुधार सम्भव नरहेको बताए। 'सुधारको बाटो समाउँदा समाउँदै पनि अर्थतन्त्रको मूल समस्या समाधान भएको छैन। टालटुले तरिकाका सुधारका काम पर्याप्त छैनन्। पोलिसी सिफ्ट नै गर्नुपर्ने हुन्छ', प्रधानमन्त्री दाहालले भने।

वित्त नीतिसँग मौद्रिक नीतिको सामाञ्जस्यता मिलाउन सरकारले लामो प्रयास गरेको पनि प्रधानमन्त्री दाहालको भनाइ छ। निजी क्षेत्रलाई व्यवसायमा सरकारले सहजीकरण गरिदिएन भने मुलुकको समग्र आर्थिक अवस्था सुधार हुन नसक्ने पनि उनले दाबी गरे। त्यस्तै, नेपालको अर्थतन्त्रमा देखिएका समस्या कसरी समाधान गर्ने भनेर नेपाल आफैंले निर्णय लिने उनको भनाइ छ। चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा राखिएका विषय कार्यान्वयनमा केही समस्या देखिएको भए पनि आगामी आर्थिक वर्षको वार्षिक नीति तथा कार्यक्रममार्फत् सरकारले मुलुकको अर्थतन्त्रको पुनर्संरचना गर्ने प्रधानमन्त्री दाहालले बताए।

सोही कार्यक्रममा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले जबर्जस्ती अर्थतन्त्र खराब छ भन्ने भाष्य बनाएर नागरिकको मनोबल गिराउने काम भइरहेकाले यसलाई सुधार्नुपर्ने बताए। 'अहिले अर्थतन्त्र उभो लाग्न नसकेपनि ओरालो लागेको छैन। मुलुक संकटग्रस्त भयो भन्ने भाष्य बनाउँदै जाने हो भने यसले थप समस्या हुन्छ', उद्योगमन्त्री




रिजालले भने, 'हामी सबै मिलेर जाने हो। निजी क्षेत्रले हात उठाउने हो भने सरकार मात्रले केही गर्न सक्दैन।'

कार्यक्रममा उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले मुलुकको अर्थतन्त्र सुधारका लागि सो संरचना गठनको प्रस्ताव गर्दै समस्या समाधानका लागि सबै पक्ष मिलेर अघि बढ्नुपर्ने बताए। 'अहिलेको अवस्था हामी सबैको गुण दोषबाट आएको समस्या हो। सबै मिलेर समधान गर्नुपर्छ। सबै पक्ष एक ठाउँमा आउन पहल गरौं', उनले भने, 'निजी क्षेत्रको सहभागितासहितको अर्थतन्त्र सुधार आयोग गठन गरौं। प्रधानमन्त्रीले नेतृत्व गर्ने यस्तो आयोगमा अर्थमन्त्रालय, उद्योग मन्त्रालय, राष्ट्रिय योजना आयोग, नेपाल राष्ट्र बैंकलगायत नियामक निकाय र निजी क्षेत्रले अवैतनिक रूपमा काम गरौं।'

कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को ९० प्रतिशत ऋण प्रवाह भइसक्दा पनि आर्थिक वृद्धिदर किन कम देखियो र हाल प्रवाह भएको कर्जा अनुत्पादक क्षेत्र वा उत्पादन क्षेत्रमा गएको छ भनेर पनि हेर्नुपर्ने ढकालको भनाइ छ। निजी क्षेत्र उद्योगधन्दामा भन्दा व्यापारमा बढी केन्द्रित भएको भन्ने आरोप लाग्ने गरेको, डेडिकेटेड ट्रकलाइन बक्यौता महसुल समस्याले निजी क्षेत्रको मनोबल घटेकोलगायतका दृष्टान्त उनले पेश गरे।

अर्थ मन्त्रालयका प्रमुख आर्थिक सल्लाहकार पोषराज पाण्डेले अर्थतन्त्रमा अहिले एकैपटक समस्या देखिएको नभइ विगतकै समस्याको निरन्तरताका रूपमा अहिले जटिल परिस्थिति सिर्जना भएको बताए। त्यस्तै, मुलुकको अर्थतन्त्रमा स्वार्थ समूह हाबी भएको पनि पाण्डेको दाबी छ। अर्थविद डा. अच्युत वाग्लेले मुलुकको अर्थतन्त्रबारे सबैतिरबाट समान भाष्य स्थापित हुनुपर्ने बताए।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लले सरकारले राखेको आर्थिक वृद्धिदरको लक्ष्य हासिल गर्नका लागि सोहीअनुसारको मौद्रिक नीति आउन आवश्यक रहेको बताए। नेपालभित्रको स्रोतसाधन प्रयोग गरेर समृद्धि हासिल गर्न सकिने पनि उनले उल्लेख गरे। अहिले अधिक तरलता हुँदासमेत कर्जाको माग बढ्न नसकक्नुको कारण खोजिनुपर्ने र घरजग्गाको कारोबार घट्दा त्यसबाट देखिएका बहुआयामिक प्रभावको विश्लेषण गरिनुपर्ने उनको भनाइ छ।

नेपाल उद्योग परिसङ्घ उपाध्यक्ष वीरेन्द्रराज पाण्डेले नेपालको अर्थतन्त्रलाई पुनःसंरचना गर्नुपर्ने बेला आएको बताए। अहिले अर्थतन्त्रमा उपभोग घट्दै गएको उल्लेख गर्दै पाण्डेले यसलाई सुधार्न वित्तीय, मौद्रिक र संरचनागत नीतिको समन्वयकारी भूमिका रहनुपर्ने बताए। त्यस्तै, दातृ निकायका आर्थिक नीति नेपालमा लागू गर्दा त्यसले खराब नतिजा देखाएको उनले दाबी गरे। अर्थतन्त्रमाथि राजनीति गर्न नहुने उल्लेख गर्दै पाण्डेले अर्थतन्त्र सकिए राजनीति पनि सकिने बताए। नेपाल उद्योग व्यापार महासंघका अध्यक्ष खिमलाल भण्डारीले अहिले नेपालको अर्थतन्त्रमा संरचनागत समस्यामा रहेको बताए।

**कर्पोरेट**

## नेपाल टेलिकमको अटम अफर योजना सार्वजनिक




**काठमाडौं (प्रस)–** नेपाल टेलिकमले अटम अफर योजना ल्याएको छ। नेपाल टेलिकम आज (बिहीबार) देखि लागू हुनेगरी अटम अफर उपलब्ध गराउने भएको हो। नेपाल टेलिकमका अनुसार यो योजनाअन्तर्गत अनलिमिटेड अन-नेट भ्वाइस प्याकेज अन्तर्गत रु. १३ मा बिहान ५ बजेदेखि बेलुकी ५ बजेसम्म नेपाल टेलिकमको नेटवर्कमा असिमित कुराकानी गर्न सकिने (अनलिमिटेड डे टाइम भ्वाइस) प्याकेज उपलब्ध हुनेछ। त्यसैगरी सोही अनलिमिटेड अन-नेट भ्वाइस प्याकेज अन्तर्गत रु. १३ मै बेलुकी १० बजेदेखि बिहान ६ बजेसम्म नेपाल टेलिकमको नेटवर्कमा असिमित कुराकानी गर्न सकिने गरी (अनलिमिटेड नाइट टाइम भ्वाइस) प्याकेज पनि उपलब्ध हुनेछ।

त्यस्तै अल नेट भ्वाइस प्याक अन्तर्गत रु. १८ मा १ दिनभित्र सबै नेटवर्कमा २५ मिनेट कल गर्न सकिने सुविधा उपलब्ध हुनेछ। त्यस्तै यसैगरी अल टाइम डाटा प्याक अन्तर्गत रु. ९५ मा ७ दिनसम्म जुनसुकै समयमा चलाउन सकिने २.५ जीबी डाटा उपलब्ध हुनेछ। त्यसैगरी आकर्षक सुविधा सहितको फोरजी अल टाइम डाटा अफर, युट्युब र फेसबुक चलाउन सकिने सोसल मिडिया प्याक र स्टे कनेक्टेड अल टाइम अफर समेत उपलब्ध हुनेछ। त्यसैगरी प्रिपेडमा पनि सजिलो अनलिमिटेड ६३६ प्याकेज अन्तर्गत कम्पनीले पोस्टपेड मोबाइलमा उपलब्ध गराइरहेको सजिलो अनलिमिटेड ६३६ प्याकेज प्रिपेड मोबाइलमा पनि उपलब्ध गराउने भएको छ। यस अनुसार रु. ६३६ मा नेपाल टेलिकमको नेटवर्कमा अनलिमिटेड भ्वाइस, १५० मिनेट अन्य नेटवर्कमा (अफ-नेट) भ्वाइस, २०० वटा सबै नेटवर्कमा एसएमएस र ९ जीबी डाटासहितको प्याकेज उपलब्ध हुनेछ। सो प्याकेज २८ दिनसम्म चलाउन सकिने छ। त्यस्तै नेपाल टेलिकम एप डाउनलोड गर्दा १ जीबी बोनस डाटा उपलब्ध गराउने भएको छ।

## हिमालयन बैंकद्वारा काठमाडौं परिसरलाई गोप्रो क्यामेरा सहयोग



**काठमाडौं (प्रस) –** हिमालयन बैंक लिमिटेडले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत जिल्ला प्रहरी परिसर काठमाण्डौंलाई रूपैयाँ दुई लाख सतसठ्ठी हजार पाँच सय बराबरको इन्स्टा ३६० टेष्ट स्ट्र्यापसहित ५ थान गोप्रो हिरो ९ क्यामरा खरिद गरी हस्तान्तरण गरेको छ।

जिल्ला प्रहरी परिसर काठमाण्डौंको अनुरोधको आधारमा काठमाण्डौं जिल्लामा शहरीकरण, सवारी चाप, लुटपाट, पाकेटमार, चोरी, आन्दोलन, बन्द, हड्ताल आदि जस्ता गतिबिधिहरूको निगरानी तथा रोकथाम गर्न बैंकले काठमाण्डौं जिल्ला प्रहरी परिसरलाई सो सहयोग प्रदान गरेको हो। बैंकका तर्फबाट बैंकका प्रमुख कार्यकारी अधिकृत अशोक शमसेर राणाले सहयोग स्वरूप सो क्यामरा प्रहरी उपरीक्षक कुमोध ढुङ्गेललाई एक समारोहको बीच हस्तान्तरण गरे। उक्त समारोहमा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत उज्वल राजभण्डारी र मुख्य प्रबन्धक समीर आचार्यको पनि उपस्थिति रहेको थियो।

## कोरियालाई नेपालमा लगानी गर्न अर्थमन्त्रीको आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं–** विश्वबैंकको वार्षिक बैठकको सिलसिलामा मोरक्कोको मराकेसमा रहेका अर्थमन्त्री डा. प्रकाशशरण महतले नेपालमा लगानी गरेका विदेशी कम्पनीहरूले मुनाफा आर्जन गरिरहेकाले दक्षिण कोरियाली कम्पनीहरूलाई पनि लगानी गर्न आग्रह गरेका छन्।

कोरियाका उपप्रधानमन्त्री तथा अर्थमन्त्री चु क्यूङसँगको भेटमा अर्थमन्त्री महतले नेपालमा लगानी गरेका सबै विदेशी कम्पनीले लगानीको प्रतिफल प्राप्त गरिरहेकाले कोरियाली कम्पनीलाई पनि नेपालमा लगानीको उपयुक्त अवसर भएको बताउँदै पुँजी परिचालन गर्न आग्रह गरेको अर्थमन्त्रालयले जनाएको छ।

'नेपालमा लगानी गरेका भारतीय बहुराष्ट्रिय कम्पनी डाबर, अमेरिकी बहुराष्ट्रिय कम्पनी कोकोकोला र पेप्सी, भारतीय कम्पनी आइटिसी इण्डिया मात्रै होइन मलेसियन टेलिकम कम्पनीले पनि मुनाफा आर्जन गरिरहेका छन्', मन्त्री महतले कोरियाली उपप्रधानमन्त्रीलाई भने, 'हामीहरूले चालू आर्थिक वर्षको बजेटमार्फत निजी क्षेत्रको लगानीलाई थप सहजीकरण गर्ने प्रयास गरेका छौं। आगामी दिनमा पनि निजी क्षेत्रलाई सुविधा दिने हाम्रो योजना छ। कोरियाली लगानीकर्तालाई नेपालमा स्वागत गर्न हामी आतुर छौं।'

नेपालमा व्यापार तथा लगानीको वातावरणमा निरन्तर सुधार भइरहेकाले कोरियाली लगानीकर्तालाई झन्झट नहुने आश्वस्त पार्दै भारत सरकारले नेपालबाट १० हजार मेगावाट बिजुली खरिद गर्ने निर्णय गरिसकेको जानकारी दिए। उनले जलविद्युत् उत्पादन, प्रसारण र वितरण लाइन, डिजिटल क्षेत्र, कृषि, पर्यटन क्षेत्रमा लगानी गरे त्यसले राम्रो प्रतिफल दिने बताए।

अर्थ मन्त्रालयका अनुसार नेपालमा पर्यटन विकासको प्रचुर सम्भावना रहेको तर कमजोर भौतिक पूर्वाधारले समस्या भएकाले कोरिया सरकारलाई पूर्वाधार विकासमा सहुलियतपूर्ण कर्जा, अनुदान, क्षमता विकासमा सहयोग गर्न उनले आग्रह गरे।

कोरियाली उपप्रधानमन्त्रीले नेपालको पूर्वाधार विकासमा सहयोग गर्न आफू तयार रहेको बताउँदै केही कोरियाली लगानीमा दोहोरो करसम्बन्धी समस्या रहेको भन्दै त्यसलाई समाधान गर्न मन्त्री महतलाई आग्रह गरे।

मन्त्री महतले दोहोरो करसम्बन्धी समस्या समाधान गर्न आफू तयार रहेको र कोरियाली लगानीलाई संरक्षण गर्ने प्रतिबद्धता व्यक्त गरे। उनले कोरियाका उपप्रधानमन्त्री नेपाल भ्रमण गर्न आमन्त्रण गरे। उपप्रधानमन्त्री चु क्यूङले आफू नेपाल भ्रमण गर्न इच्छुक रहेको भन्दै यथासक्य छिटो एजेण्डा तय गर्न आग्रह गरे। अर्थमन्त्री महतले १२ हजार नेपालीलाई रोजगारीको अवसर प्रदान गरेकामा कोरिया सरकारको सराहना गरे।

नेपालले जलविद्युत् परियोजना निर्माणमा प्रगति गरे पनि कमजोर प्रसारण लाइनले जलविद्युत् क्षेत्रबाट अपेक्षित लाभ लिन नसकेकाले प्रसारण लाइन निर्माणमा लगानी गर्न आग्रह गरे।

कोरियाका उपप्रधानमन्त्री तथा अर्थमन्त्री चु क्यूङलाई अर्थमन्त्री महतले नेपाल वायुसेवा निगमलाई कोरियामा सिधा उडान अनुमति दिन माग गरे। कोरियन एयरलाइन्सले नेपालमा सिधा उडान गरिरहँदा नेपाल वायुसेवा निगमलाई पनि सिधा उडानको अनुमति दिनुपर्नेमा मन्त्री महतले जोड दिएको अर्थमन्त्रालयले जनाएको छ।




प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्सप्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ